म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५ बिहीबार ७ भदौ २०८० ने. सं. ११४३ गुलाल्थ्व 24 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**आँखा पाक्ने रोगबाट बच्ने उपाय**

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल, सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

नेपाल सरकार

विज्ञापन बोर्ड

## बागमतीका ११० सांसदलाई बाँडिएको रकम कार्यान्वयनमा सर्वोच्चको रोक

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ बागमती प्रदेशसभाका १ सय १० जना सांसदको नाममा चालू आर्थिक वर्ष २०८०/८१ का लागि छुट्याइएको बजेट कार्यान्वयनमा सर्वोच्च अदालतले तत्काललाई रोक लगाएको छ ।

सांसदकै अगुवाइमा योजना छनोट तथा सञ्चालन गर्ने गरी प्रदेश विकास कार्यक्रम सञ्चालनका लागि आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामाले बजेट विनियोजन गरेको थिए । सांसदलाई आफ्नै तजबिजीमा खर्च गर्न पाउने गरी यसरी छुट्याइने बजेटप्रति हरेकवर्ष प्रश्न उठ्ने गरेको छ । बजेट खर्चको पादर्शीता कमजोर हुनु, आवश्यकताका आधारमा खर्च भन्दा पनि कमिशनको खेल हुनु, कार्यकर्ता लक्षित र भोटका लागि बजेट खर्च हुने सम्भावनाकाबीच प्रदेशसभा सदस्यलाई सीधै छुट्याइने यस्ता बजेटको कार्यान्वयन नगर्न सर्वोच्च अदालतले बुधवार अन्तरिम आदेश दिएको छ ।




प्रतिनिधिसभा सदस्यका लागि चालू आवमा छुट्याइएको बजेटविरुद्ध परेको रिटमा अन्तरिम आदेश दिँदा प्रदेश सरकारले छुट्याइएको बजेटमा पनि रोक लागेको हो । यसो हुँदा बागमती प्रदेश सरकारले सांसदलाई खुशी पार्न कटौती भइसकेको प्रदेश विकास कार्यक्रम (सांसद विकास कोष) सञ्चालनका लागि बजेट छुट्याएकोमा तत्काल कार्यान्वयन गर्न नपाइने भएको छ । सर्वोच्च अदालतले सरकारले बजेटमार्फत ल्याएको संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतको संवैधानिक इजलाशले अन्तरिम आदेश दिएको हो ।

'आर्थिक वर्ष २०८०/८१ को विनियोजन ऐनमा व्यवस्था गरि एका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाहरु तथा ती व्यवस्थाहरुको लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नु नगराउनु भनि अन्तरिम आदेश जारी गरिएको छ ।', इजलाशले भनेको छ । प्रधानन्यायधीश विश्वम्भरप्रसाद श्रेष्ठ नेतृत्वको संवैधानिक ईजलासमा न्यायधीशहरु ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउत सदस्य थिए ।

संघीय सांसद वा प्रदेशसभा सदस्यहरूलाई कार्यकारिणी प्रकृतिको काम गर्ने जिम्मेवारी नभएको ठहर गर्दै सर्वोच्चले भनेको छ, 'पूर्वाधार विकास कार्यक्रमका नाममा सांसद आफैंले आफ्नो संसदीय निर्वाचन क्षेत्रको पूर्वाधार विकासको नाममा रकम छुट्याउँदा स्वार्थ बाझिन अवस्था पनि रहन्छ ।', 'यस प्रकारको विकास निर्माणले सुशासनलाई प्रवर्द्धन गर्छ भनेर निश्चिन्त हुने अवस्था रहँदैन', आदेशमा भनिएको छ । आर्थिक वर्ष २०८०/८१ को बजेटमा संघीय सरकारले सांसद आफैंले आफ्नो संसदीय निर्वाचन क्षेत्रको पूर्वाधार विकासको नाममा रकम खर्च गर्नेगरी बजेट विनियोजन गरेको थियो ।

बागमती प्रदेश सरकारले पनि संघीय सरकारकै सिको गरेर प्रत्यक्षतर्फका प्रदेश सांसदलाई जनही ३ करोड र समानुपातिक सांसदलाई १ करोड बजेट छुट्याएको थियो । तर, बजेटमा भने अंकभार तोकिएको थिएन । बागमती प्रदेशको विगतमा पनि सांसदलाई यसरी नै रकम बाँडिदै आएको थियो । तर, राजेन्द्रप्रसाद पाण्डेको कार्यकालमा यो बजेट कटौती गरिएको थियो । त्यतिबेला संघीय सरकारले पनि बजेट कटौती गरेको थियो । बागमतीमा सांसदलाई बाँडिने करोडौं रकमको कटौती गर्ने तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्कट्टेल थिए । उनै जम्मकट्टेल हाल मुख्यमन्त्री भएपछि पुन: सांसदलाई रकम बाँड्न यो कार्यक्रम बजेटमा समावेश गरेका हुन् ।

बागमतीका सांसदलाई आफ्नो निर्वाचन क्षेत्रका मतदाताको विकाससम्बन्धी समस्या र गुनासो सम्बोधन गर्ने सहज वातावरण सिर्जना गर्दै लगिने बजेट वक्तव्यमा उल्लेख छ । विशेषगरी सांसदहरुले ठूला योजनाको छनोट गर्ने र त्यस अनुसार कार्यान्वयन गर्नका लागि बजेट छुट्याइएको थियो ।

प्रत्यक्ष र समानुपातिक प्रदेशसभा सदस्यहरुले योजना छनोट गर्ने र स्थानीय तहमार्फत् कार्यान्वयन हुने गरी संघीय सरकारले जसरी नै बागमती प्रदेशमा पनि बजेट छुट्याइएको हो । प्रत्यक्ष र समानुपातिक प्रदेशसभा सदस्यहरुले कुनै पनि नाम दिएर प्रदेश सरकारले छुट्याएको बजेट सम्बन्धित क्षेत्रका जिल्ला समन्वय समिति र स्थानीय तहबाट खर्च हुने गरी गर्ने तयारी थियो ।

बागमतीमा निर्वाचन क्षेत्र पूर्वाकार विकास कार्यक्रम मात्र नभई योजना नै तोकेर सांसदलाई बजेट दिएको चर्चा चलेको थियो । प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा सांसदलाई ५ अर्ब ३३ करोड रुपैयाँ बराबरको योजना वितरण गर्नेगरी बजेट बनाएको चर्चा अझै सेलाएको भने छैन । सरकारले १ असारमा कुल ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँ बजेट विनियोजन गर्दा सत्तारुढ दलका प्रत्यक्ष निर्वाचित सांसदलाई ५ करोड र समानुपातिकलाई ३ करोड रुपैयाँ बराबरको योजना बजेटमा मिलाएर वितरण गरेको चर्चा थियो ।

बजेट निर्माणमा सरकारलाई सहयोग गर्ने गरी गठन गरिएको कार्यदलले सत्तापक्षका प्रत्यक्ष र समानुपातिक सांसदले रोजेअनुसारको योजना बजेट पुस्तिकामा समावेश गरेको छ । जसअनुसार सत्तापक्षका प्रत्यक्ष निर्वाचित सांसदहरुले योजना छनोटवापत् २ अर्ब २५ करोड रुपैयाँ र समानुपातिक सांसदहरुले ६६ करोड रुपैयाँ बजेट प्राप्त गरेका छन् । सत्तारुढ दलबाट ४५ जना प्रत्यक्ष र २२ जना समानुपातिक गरी ६७ सांसद छन् । बागमतीमा माओवादी केन्द्र, नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)को गठबन्धन सरकार छ । सरकारको नेतृत्व माओवादी केन्द्रका जम्कट्टेलले र बजेटको साँचोचाबी कांग्रेसका बहादुरसिं लामाको हातमा छ ।

## बकैयाको चपकीमा पाँचसय लोपन्मुख विरुवा रोपियो

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ मकवानपुरको बकैया गाउँपालिका-१२ चपकीमा दार प्रजातीको पाँचसय विरुवारोपण गरिएको छ । डिभिजन वन कार्यालय, मकवानपुरको आयोजना र दार संरक्षण समिति, चपकीको समन्वयमा वृक्षरोपण गरिएको हो । एक हजार विरुवा रोप्ने लक्ष्य सहित वृक्षरोपण सुरु गरिएको हो ।

वृक्षरोपण कार्यक्रमको शुभारम्भ गर्दै वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेशका सचिव यज्ञनाथ दाहालले दार प्रजातिको विरुवाको संरक्षण गर्न सबैसँग आग्रह गरे । विश्वमा धेरै प्रजातिको विरुवा लोप हुँदै गएको र यसले मानिसलाई संकटमा पार्न सक्ने भएकोले संरक्षण आवश्यक भएको बताए ।

अहिले दार, विजय साल, सादन लगायतका प्रजातिहरु लोप हुदै गएको र यसको संरक्षण गरी भावी पुस्तालाई उपहार दिनुपर्ने बताउँदै सचिव दाहालले लोप हुन लागेका प्रजातिको संरक्षणमा लाग्न वनकर्मी, जनप्रतिनिधि, संरक्षणकर्मी, सामुदायिक वन, स्थानीयलगायतलाई आग्रह गरे । लोपोन्मुख प्रजातिको विरुवाको संरक्षण गर्न नेपाल सरकारले अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिवद्धता जनाईसकेको हुँदा दारको संरक्षण गरी मकवानपुरको दारको ठेकीलाई आर्थिक उपार्जनको रुपमा विकास गर्नु पर्नेमा जोड दिए ।

कार्यक्रममा डिभिजन वन कार्यालय, मकवानपुरका प्रमुख शिव सापकोटाले यस क्षेत्र दारको लागि उपयुक्त स्थान रहेको हुँदा चरीचरण नियन्त्रण गरी दारको संरक्षण गर्न आग्रह गर्दै वन कार्यालयले सदैव सहयोग गर्ने बताए । बकैया गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले दारको गोडमेल गर्ने कार्यमा गाउँपालिकाले सहयोग गर्ने बताए । कार्यक्रममा डिभिजवन वन कार्यालय राप्ती, मनहरीका प्रमुख विष्णुप्रसाद आचार्यले मकवानपुरमा धेरै प्रकारका बहुमूल्य प्रजातिका विरुवाहरु रहेको बताउदै यसको संरक्षणमा लाग्न सबैलाई आग्रह गरे ।

दार संरक्षण समितिका अध्यक्ष मानबहादुर मुक्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा बकैया गाउँपालिका-१२ का वडाअध्यक्ष ज्ञानेन्द्र बजगाई, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुर अध्यक्ष साधुराम चौलागाई, डिभिजन वन कार्यालय, मकवानपुरका सहायक वन अधिकृत बसन्तराज गौतम, सब डिभिजन वन कार्यालय, बकैयाका प्रमुख नरेश पूर्वे, मकवानपुरगढीका प्रमुख डटेन्द्र गोले, शिवम सिमेन्टका अच्युत अधिकारी, सञ्चारकर्मी, स्थानीय लगायतको सहभागिता थियो ।

## थापा इप्रका मनहरीका नयाँ इन्चार्ज




साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/इलाका प्रहरी कार्यालय मनहरी प्रमुखको जिम्मेवारी बुधवारदेखि दीपक थापाले सम्हाल्ने भएका छन् ।

झण्डै १३ महिनादेखि नेतृत्व सम्हालिरहेका प्रहरी निरीक्षक (इन्स्पेसक्टर) कृष्णराज ढकालको सरुवा भएपछि उनको ठाउँमा थापा आइपुगेका हुन् ।

गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखरामा कार्यरत थापा बुधवार दिउँसो इलाका प्रहरी कार्यालय मनहरी आइपुगेका हुन् ।

१३ महिने लामो कार्यकालबाट बिदा हुँदै प्रहरी निरीक्षक ढकालले मनहरीबाट लागूऔषध नियन्त्रण ब्यूरो फैसला कार्यान्वयन शाखा कोटेश्वरमा जिम्मेवारी सम्हाल्ने छन् ।

१३ महिने कार्यकालको स्मरण गर्दै प्रहरी निरक्षक ढकालले मनहरीको बसाई अत्यन्तै सौहाद्र र निर्विवाद बनेको प्रतिक्रिया दिए । 'अपवादबाहेक सबै राजनीतक पार्टी, जनप्रतिनिधि, पत्रकार, नागरिक समाज सबैको सहयोगमा मैले कार्य सम्पादन गर्न सकें', ढकालले भने- 'इलाका प्रहरी कार्यालय मनहरीको बसाई स्मरणीय रह्यो ।'

## मनहरी-५ मा प्रगति विवरण सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/मनहरी गाउँपालिका वडा नं ५ कार्यालयले गत आर्थिक बर्ष २०७९/८० को प्रगति विवरण सरोकारवालाको भेला गरेर सार्बजनिक गरेको छ ।

गाउँपालिकाले वडा विकासका लागि बिनियोजन गरेको सिलिङ बजेट १ करोड १८ लाख र संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएको ५ करोड १० लाख रुपैयाँ कार्यान्वयन गरी भएगरेका विकास निर्माणका कामहरुको समीक्षा गरिएको वडाध्यक्ष दीपेन्द्र अधिकारीले जानकारी दिए ।

त्यसैगरी आन्तरिक आयतर्फ ५ नं वडामा ९ लाख ४२ हजार रुपैयाँ संकलन गरिएको जानकारी कार्यक्रममा गराइएको थियो । समीक्षा कार्यक्रममा नेपाली काँग्रेसका बिष्णुप्रसाद उप्रेती, नेकपा एमालेका बलराम बस्नेत, नेकपा माओवादी केन्द्रका सुब्बाप्रसाद सिलवाल, राष्ट्रिय स्वतन्त्र पार्टीका सोमबहादुर रुम्बालगायत राजनीतिक दलका प्रतिनिधि सहभागी थिए ।

रिखेश्वर टोल विकास संस्थाका नवराज उप्रेती, चुरियामाई टोल विकास संस्थाका दीपक पण्डित, शिखर टोल विकास संस्थाका बीर बहादुर रुम्बा, बसन्तपुर टोल विकास संस्थाका गजाधर सुवेदी, दुग्देश्वर टोल विकास संस्थाका लालबहादुर स्याङ्तान, भोजसिद्ध माध्यमिक विद्यालयका प्रधानाध्यापक महेश रिजाल, वडा सदस्यलगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण वडासचिव विदुर पाठकले गरेका थिए ।

एकवर्षमा भएका कामहरुबारे सरोकारवालालाई जानकारी गराउँदा सूचनाको हक कार्यान्वयन भएको सरोकारवालाबाट प्रतिक्रिया आउनाले आगामी दिन अझ प्रभावकारी ढंगले अघि बढ्न मार्गदर्शन प्राप्त भएको वडाध्यक्ष अधिकारीले बताए ।

कार्यक्रममा सहभागी राजनीतिक दल तथा टोल विकास संस्थाका प्रतिनिधिले अहिलेसम्म ५ नं वडामा कार्यान्वयनबारे बार्षिक समीक्षा नगरिएको अबस्थामा यस बर्षबाट नयाँ संस्कार सुरु गरिएकोप्रति खुसी ब्यक्त गरेका थिए ।

## राक्सिराङका प्रजा तीन दिनदेखि बेपत्ता



कुमार प्रजा

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/राक्सिराङ गाउँपालिका-५ प्याङ्चे निवासी कुमार प्रजा तीन दिनदेखि बेपत्ता भएका छन् । उनी क्रिस्चिएन समुदायका पास्टर थिए ।

घरबाट भदौ ३ गते बिहान ११ बजे निस्केका कुमार बुधवार रातिसम्म फेला परेका छैनन् । आफ्नो श्रीमान बेपत्ता भएपछि श्रीमती आइतीमायाले जिल्ला प्रहरी कार्यालयमा श्रीमान खोजी गरिदिनका लागि जाहेरी दर्ता गरेकी छन् ।

नेपाल चेपाङ संघ राक्सिराङ गाउँ कार्यकारिणी समितिका अध्यक्ष सोमलाल प्रजाले विज्ञप्ती प्रकाशन गर्दै भदौ ३ गते इलाका प्रहरी कार्यालय मनहरीबाट २ सय मिटरको दुरीमा रहेको प्रभू बैंक अगाडिको चोकमा कुमार र छिमेकी सानुबाबुबीच झगडा भएको बुझिन्छ । दुबैजनाबीच आर्थिक लेनदेनको बिषयमा विवाद भएको नेपाल चेपाङ संघ राक्सिराङ गाउँ समितिले जनाएको छ । समितिका अध्यक्ष सोमलाल प्रजाले जारी गरेको विज्ञप्तीमा झगडाका क्रममा सानुबाबुले कुमारलाई ३ थप्पड हिर्काएका थिए ।

घटना भएको भोलिपल्ट बिहान १० बजेतिर कुमारले श्रीमतीलाई टेलिफोन गरी 'मलाई अपहरणकारीले अपहरण गरी लगेको छ' भनेर फोन राखेको र त्यसयता फोन सम्पर्क नभएको चेपाङ संघको दाबी छ । संघले घटनामा मुछिएका सानुबाबुलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याउन प्रहरीको ध्यानाकर्षण गराएको छ । घटनापछि कुमारको ब्यापक खोजी गरिएपनि हालसम्म पत्ता नलागेको नेपाल चेपाङ संघ बागमती प्रदेश समितिका अध्यक्ष खुसीलाल प्रजाले बताए ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# महत्वाकांक्षी प्रसारण लाइन

हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माण थालनी भएको १३ वर्षपछि सुचारु भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले हेटौंडा-भरतपुर-बर्दघाट प्रसारण लाइनको बुधबार उद्घाटन गरेसँगै विद्युत प्रवाह सुचारु गरिएको नेपाल विद्युत प्राधिकरणले जानकारी दिएको छ । नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको लगानी र युरोपेली लगानी बैंक (इआइबी)को सहुलितपूर्ण ऋणमा सबस्टेसन र सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइन निर्माण गरिएको हो । नयाँ भरतपुर २२०/१३२ किलोभोल्ट (केभी) सबस्टेसनको मंगलबार उद्घाटन भएपछि विद्युत प्रवाहमा सहज भएको छ । भरतपुरसँगै हेटौंडा-भरतपुर -बर्दघाट प्रसारणको पनि एकैसाथ उद्घाटन गरिएको हो । चितवनको भरतपुर महानगरपालिका-११ आँपटारीमा मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत निर्माण गरिएको 'ग्याँस इन्सुलेटेड सबस्टेसन (जिआईएस)' प्रविधिमा आधारित सबस्टेसनको उद्घाटन गरिएको हो । हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनको लम्बाइ करिब १४७ किलोमिटर छ । एक हजार मेगावाटसम्म विद्युत् प्रवाह गर्न सक्ने प्रसारण लाइनलाई हेटौंडा-भरतपुर र भरतपुर-बर्दघाट दुई खण्डमा विभाजन गरी निर्माण गरिएको थियो ।

मकवानपुरको हेटौडा उपमहानगरपालिका चौकीटोलस्थित पुरानो हेटौंडा सबस्टेसनबाट नयाँ भरतपुर सबस्टेसनसम्मको २२० केभी डबल सर्किट प्रसारण लाइनको एउटा सर्किटलाई १३२ केभीमा चार्ज गरिएको छ । दोस्रो खण्डअन्तर्गत नयाँ भरतपुर सबस्टेसनबाट सुरु भई नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)को बर्दघाट सबस्टेसमा अन्त्य हुने ७४ किलोमिटर २२० केभी डबल सर्किट प्रसारण लाइनलाई हाल १३२ केभीमा सञ्चालन ल्याइएको छ । नयाँ भरतपुर सबस्टेसन परिसरमा आयोजित उद्घाटनका क्रममा प्रधानमन्त्री प्रचण्डले नयाँ भरतपुर सबस्टेसन र हेटौंडा-भरतपुर -बर्दघाट प्रसारण लाइन पूर्व-पश्चिम विद्युत् आपूर्तिका लागि रणनीतिक महत्वको रहेको बताए । प्रचण्डले देशभित्र उत्पादित विद्युत् यहीं खपत गरी नागरिकको जीवनस्तरमा सुधार गर्न तथा विकासमा तीब्रता दिन र अतिरिक्त भएको विद्युत् निर्यात गरी अर्थतन्त्रलाई समृद्ध बनाउने गरी काम भइरहेको उल्लेख गरेका छन् । प्रधानमन्त्रीले जलविद्युत तथा प्रसारण लाइन आयोजना निर्माणमा रहेको रुख कटान र जग्गाअधिग्रहणको समस्या मौज्जुदा कानुनको संसोधन र नयाँ कानुनको निर्माण गरी सम्बोधन गरिने बताएका छन् । सबस्टेसनको लागत १ अर्ब ५२ करोड र प्रसारण लाइनको लागत ५ अर्ब ९४ करोड रुपैयाँ रहेको छ । ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले विद्युत् खपत बढाउन र आपूर्तिलाई गुणात्मक रुपमा सुधारका लागि प्रसारण तथा वितरण प्रणाली सुधार र अतिरिक्त भएको विद्युत् निर्यातका लागि अन्तरदेशीय प्रसारण लाइन निर्माण भइरहेको बताए ।

प्रसारण लाइनको क्षमता सुदृढीकरण, नेपालको एकीकृत विद्युत् प्रणाली विश्वसनीय बनाउन पश्चिम क्षेत्रमा निर्माण हुने जलविद्युत आयोजनाको विद्युत् प्रवाहका लागि हेटौडा-भरतपुर-बर्दघाट प्रसारण लाइन निर्माण गरिएको हो । नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैकको सहुलितपूर्ण ऋणमा आयोजना सुरु गरिएको थियो । प्रसारण लाइन निर्माणमा स्थानीयको अवरोध, जग्गा प्राप्तिमा समस्या, वन क्षेत्रको जग्गा प्रयोग तथा रुख कटानमा भएको ढिलाइ, ठेकेदार कम्पनीको कमजोर कार्यसम्पादनलगायतका कारणले आयोजनाको निर्माण प्रभावित भएको थियो । हेटौंडा-भरतपुर खण्ड निर्माणका लागि २०६५ फागुनमा ठेक्का सम्झौता भएको थियो । तर, काम नगरी रणनीतिक महत्वको प्रसारण लाइनको काम अलपत्र पारेपछि प्राधिकरणले ठेक्का तोडी नयाँ टेण्डर गरेको थियो । २०७७ जेठमा नयाँ ठेक्का सम्झौता गरी बाँकी काम गराइएको थियो । भरतपुर-बर्दघाट प्रसारण लाइनको लम्बाइ ७४ किलोमिटर प्रसारण निर्माणका लागि २०६७ कात्तिकमा ठेक्का सम्झौता भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ ८ गते शुक्रबार २५ अगष्ट २०२३ । नवमी, श्रावण कृष्णपक्ष । गुलात्थ्व ११४३ ने.सं. । सूर्योदय ५:३९, सूर्यास्त ६:३१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सञ्चित धन खर्च हुनेछ | **तुला** | : सहमतिका कार्यहरु हुनेछन् |
| **वृष** | : आफन्तले कुरा काट्नेछन् | **वृश्चिक** | : नया् कार्य सम्पन्न हुनेछ |
| **मिथुन** | : आत्मविश्वास बढ्नेछ | **धनु** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **कर्कट** | : आफन्तको सहयोग मिल्नेछ | **मकर** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **सिंह** | : मान, प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : विवाद पर्न सक्नेछ |
| **कन्या** | : कार्यमा सफलता मिल्नेछ | **मीन** | : दाम्पत्य सुख मिल्नेछ |

# व्यक्तिगत आयकरसम्बन्धी समसामयिक सुधार



✍ डा. रूप खड्का

नेपालमा आर्थिक वर्ष २०१६/१७ देखि सुरु गरिएको आयकरको अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप क्रमिक सुधार हुँदै आएको छ । सन् १९९० को दशकमा लागू गरिएको प्रथम पुस्ताको कर सुधार र आयकर ऐन २०५८ बनेसँगै यस करका विषयमा नवीनतम अवधारणा लागू गरियो, जसले करको आधार विस्तार गरेर दर घटाउने कुरामा जोड दिएको थियो ।

तर पछिल्लो समयमा आधार होइन, दरमा वृद्धि गर्ने प्रवृत्ति देखा परेको छ । लगानी आकर्षित गर्न तथा आर्थिक वृद्धिउन्मुख कर प्रणाली विकसित गर्न आयकरको दर छिमेकी तथा प्रतिस्पर्धी मुलुकको भन्दा बढी हुनुहुँदैन ।

व्यक्तिगत आयकर आयमा लाग्ने कर हो । श्रम तथा पूँजी लगानी गरेबापत प्राप्त भुक्तानीमा आयकर लाग्छ । पारिश्रमिक, ज्याला, ब्याज, भाडा, रोयल्टी, लाभांश, पूँजीगत लाभ तथा मुनाफास्वरूप प्राप्त लाभमा आयकर लागू हुन्छ । यस्तो करलाई प्राकृतिक व्यक्ति तथा एकलौटी फर्मले तिर्नुपर्दछ ।

सामाजिक न्याय हासिल गर्ने प्रयोजनका लागि आयलाई विभिन्न स्ल्याब (वर्ग) मा विभाजन गरेर सबैभन्दा कम आम्दानी हुने जनतालाई कर छुट दिने र माथिल्लो तहका आयमा प्रगतिशील दरले बढी कर लगाउने गरिन्छ । नेपालमा आयकर सुरु भएदेखि नै यही मान्यताको अनुसरण गरिएको छ ।

२००८ सालको नेपालको पहिलो बजेटमा 'कृषि लगायतको आयमा आयकर लगाउने विचार भइरहेको छ । आगामी दुई-तीन वर्ष यस करबाट राजस्व परिचालन गर्नेभन्दा पनि जनतालाई यसप्रति अभ्यस्त गराउने किसिमले लगाइने छ भने कर विकसित भएपछि यो राजस्वको ठूलो मुहान हुनेछ' भन्ने उल्लेख थियो । २०१६ सालमा नेपालमा पहिलो पटक आयकर लागू गर्दा 'समाजका सक्षम वर्गको आयको केही अंश देशोत्थानमा लगाउने र आयको असमान वितरण कम गर्ने' मूल उद्देश्य राखिएको थियो ।

नेपालमा व्यक्तिगत आयकर लागू गरिएको पहिलो वर्षमा वार्षिक ७ हजार रुपैयाँसम्मको आयलाई छुट दिइएको थियो भने त्यस माथिको आयमा ५ देखि २५ प्रतिशतसम्मका दश वटा दरले कर लागेको थियो ।

**व्यक्तिगत आयकर सम्बन्धी विगतको अभ्यास**

सन् १९७० को दशकको अन्त्यसम्म अन्तर्राष्ट्रिय जगतमा व्यक्तिगत आयकरका दरको तह धेरै तथा उच्च राख्ने सामान्य प्रचलन थियो । उदाहरणका लागि सन् १९७० को दशकसम्म संयुक्त राज्य अमेरिकामा व्यक्तिगत आयकरको उच्चतम सीमान्त दर ७० प्रतिशतको हाराहारीमा थियो । सन् १९७० मा भारतमा १० देखि ८५ प्रतिशतसम्मका ११ दर कायम गरिएका थिए । २०२१/२२ मा नेपालमा व्यक्तिगत आयकरका सबैभन्दा धेरै दर १२ वटा थिए भने सबैभन्दा उच्च दर २०३२/३३ मा ६० प्रतिशत पुगेको थियो ।

आयकरमा धेरै तह र उच्च दरले करदातालाई कर छल्न अभिप्रेरित गर्ने, प्रणाली झन्झटिलो हुने समस्या देखियो । त्यसले कर परिपालन तथा कर संकलन खर्च बढी भई आयकर प्रशासनिक दृष्टिकोणले पनि अक्षम भएको थियो । कुनै आयमा उच्च दरले कर लाग्ने र कुनैमा कर छुट हुने भएकाले व्यक्तिगत आयकर तेर्सो रूपमा (होरिजन्टल्ली) असमान पनि भएको थियो ।

**व्यक्तिगत आयकर सम्बन्धी समकालीन सोच**

सन् १९८० को दशकदेखि सबै प्रकारको आयमा कर लगाई दायरा विस्तार गर्ने र धेरै वटा तह कटौती गर्ने प्रचलन सुरु भयो । अमेरिकाले व्यक्तिगत आयकरमा छुटहरू खारेज गरेर सबै आयलाई करको दायरामा ल्यायो । करको अधिकतम सीमालाई ७० प्रतिशतबाट घटाएर २८ प्रतिशत कायम गऱ्यो ।

यो प्रवृत्ति दक्षिणएशियामा पनि सुरु भयो । हाल दक्षिणएशियामा करका मध्यम स्तरका दरहरू कायम भएका छन् ।

पछिल्लो समयमा कतिपय मुलुकले त समदरको न्यून तहको व्यक्तिगत आयकर पनि लगाएका छन् । रूसले सन् २००१ मा करका १२, २० र ३० प्रतिशतका दरको सट्टा १३ प्रतिशतको एकलदर लागू गरेको थियो । यसले गर्दा व्यक्तिगत आयकर प्रणाली सरल भएर कर दाताको स्वयं सहभागितामा वृद्धि भई अघिल्लो वर्षको तुलनामा राजस्व करिब ४६ प्रतिशतले वृद्धि भएको थियो ।

यसैगरी बोस्निया र हर्जगोभिना, बुल्गेरिया, इष्ट टिमोर, काजकस्तान, किर्गिस्तान, रोमानिया र तुर्कमेनिस्तानले १० प्रतिशत, मोल्डोभा, ताजकिस्तान र उज्वेकिस्तानले १२ प्रतिशत, बेलारूस र बोलिभियाले १३ प्रतिशत, हंगेरीले १५ प्रतिशत र अरमेनिया, इष्टोनिया र जर्जियाले २० प्रतिशतको व्यक्तिगत आयकरको दर लागू गरेका छन् ।

अर्कोतर्फ स्कान्डानिभिया लगायतका केही विकसित देशहरूले भने अझै पनि उच्च दरको प्रगतिशील आयकर लागू गरेका छन् । आयकरको उच्चतम दर डेनमार्कमा ५६ प्रतिशत, स्वीडेनमा ५२ र नर्वेमा ३८ प्रतिशत छ । यी देशहरूमा सामाजिक सुरक्षा र सार्वजनिक सेवाको राम्रो प्रबन्ध भएकोले उच्च दरबाट पनि अर्थतन्त्रमा त्यति प्रतिकूल असर पर्दैन भन्ने मान्यता छ ।

**नेपालको व्यक्तिगत आयकरको समीक्षा**

नेपालमा सन् १९९० को दशकदेखि आयकरमा विभिन्न सुधार सुरु गरियो । आव २०४९/५० मा व्यक्तिगत आयकरको अधिकतम सीमान्त दर ४० प्रतिशत थियो भने २०५५/५६ पछि करका १५ र २५ प्रतिशतका दुई दर मात्र कायम गरिएका थिए । आयकर ऐन २०५८ लागू गरिएपछि आयकरको आधार विस्तार गरिएको थियो । तर, हाल व्यक्तिगत आयकरका दरको संख्या तथा तह दुवैमा वृद्धि भएका छन् ।

नेपालमा पारिश्रमिक आयको पहिलो स्ल्याबमा लाग्ने १ प्रतिशतलाई सामाजिक सुरक्षा कर भनिएको छ, तर त्यो आयकरकै अर्को रूप हो । त्यसो हुँदा रोजगारी आयमा कुनै किसिमको छुट नभई पूरै आयमा कर लाग्न गएको छ । नेपालमा सबैभन्दा कमजोर आय वर्गका कर्मचारीले पनि हरेक रुपैयाँ कमाइमा कर तिर्नुपर्छ, जुन व्यक्तिगत आयकरको सिद्धान्त तथा अन्तर्राष्ट्रिय असल अभ्यास विपरीत छ ।

नगरपालिकामा काम गर्ने कुचिकारले मासिक तलब रु.१५ हजारमा मासिक रूपमा रु.१५० र वर्षमा रु.१,८०० कर तिर्नुपर्छ । जबकि, अन्य मुलुकमा आयको पहिलो स्ल्याबमा व्यक्तिगत आयकर तिर्नुपर्दैन । अर्कोतर्फ नेपालमा व्यक्तिगत आयकरको उच्चतम सीमान्त दर दक्षिणएशियामै उच्च छ । छिमेकी तथा प्रतिस्पर्धी मुलुकमा भन्दा नेपालमा करको भार बढी भएकाले आर्थिक विकासका लागि चाहिने बाह्य लगानी भित्रिने होइन कि यहाँको सीमित पूँजी पनि पलायन हुने सम्भावना रहन्छ ।

सैद्धान्तिक हिसाबले करको यस्तो संरचनाले न्यून आय वर्गमा आय असर (इन्कम इफेक्ट) सृजना गर्न सक्छ । यसको अर्थ तिनीहरूले सीमित आयको केही अंश कर स्वरूप तिर्नुपर्ने हुँदा न्यूनतम जीवनयापन गर्न आवश्यक आय आर्जन गर्न थप समय काम गर्नुपर्ने हुन्छ ।

अर्कोतर्फ व्यक्तिगत आयकरको चर्को दरले उच्च आयवर्गमा प्रतिस्थापन प्रभाव (सब्स्टिट्यूसन इफेक्ट) सृजना गर्न सक्छ । कारण तिनीहरूको आयको ठूलो अंश कर तिर्नुपर्ने भएमा त्यसले बढी काम गरेर आय आर्जन गर्नुको सट्टा छुट्टी लिने र परिवारसँग बढी समय बिताउने प्रवृत्ति बढाउन सक्छ ।

**नेपालको व्यक्तिगत आयकरको भार बढी कि घटी ?**

व्यक्तिगत आयकरको वास्तविक भार कति छ भन्ने कुरा यस करका सीमान्त दरले मात्र नभई कर प्रयोजनको लागि दिइएको आधार भूत छुट, विभिन्न तहका आयको ब्राकेटको संख्या तथा मात्रा, व्यक्तिगत तथा व्यापारिक खर्च कटाउन पाउने रकम, छुट र सरचार्ज भए त्यसको प्रतिशत जस्ता विभिन्न तत्वमा निर्भर रहन्छ ।

आयकर प्रयोजनका लागि कर लाग्ने आयलाई अफगानिस्तान ४ भागमा, माल्दिभ्स र नेपालमा ५ भागमा, बंगलादेश, भुटान र श्रीलंकामा ६ भागमा विभाजन गरिएको छ भने भारतमा ७ भाग र पाकिस्तानमा ८ भागमा विभाजन गरिएको छ ।

व्यक्तिगत आयकरअन्तर्गत कर लगाउने प्रयोजनका लागि विभिन्न रकमहरू कटाउने व्यवस्था पनि गरिएको पाइन्छ । भारतमा ब्याज, बीमा, भाडा, दान लगायत विभिन्न खर्चहरू कटाउन पाउने व्यवस्था छ । त्यसले गर्दा भारतमा वार्षिक रु.१६ लाख (भारु १० लाख) सम्म व्यक्तिगत आयकर लाग्दैन ।

त्यसरी कटाउन पाउने रकम नेपालमा ज्यादै न्यून छ । नेपालमा करयोग्यबाट घटाउन पाउने रकममा (क) लगानी बीमा वापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा रु.४० हजारमा जुन घटी हुन्छ सो रकम, (ख) स्वास्थ्य बीमा वापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा रु.२० हजारमा जुन घटी हुन्छ सो रकम, र (ग) आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमाबापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा रु.५ हजार मा जुन घटी त्यस्तो रकम पर्दछ ।

यसैगरी स्वीकृत औषधि उपचार खर्चबापत बिल बमोजिमको वास्तविक खर्च र कमको १५ प्रतिशत वा रु.७५० मा जुन घटी हुन्छ सो रकम मिलान गर्न सकिन्छ । यसरी नेपालमा करयोग्यबाट घटाउन पाउने रकमको मात्रा ज्यादै न्यून छ । यसले गर्दा नेपालको आयकरको औसत दर अन्य दक्षिणएशियाली मुलुकहरूको औसत दरको तुलनामा बढी हुन्छ ।

करको भारलाई मुलुकभित्र पनि सापेक्षित रूपमा हेरिनुपर्छ । कर सबै व्यक्ति, समुदाय तथा क्षेत्रको लागि समान हुनुपर्छ । न्यून तलब भएको कुचिकारले हरेक रुपैयाँ आम्दानीमा आयकर तिर्नुपर्ने तर कालोधन्दा, भ्रष्टाचार तथा यस्तै अनेक किसिमले करोडौंको आयआर्जन गर्नेहरू सदा करको दायरा बाहिर रहने स्थिति हुनु न्यायसंगत हुँदैन । करको दृष्टिमा हरेक स्रोतको आय समान हुनुपर्छ र कानुन अनुसार लाग्ने कर दायित्व सबैले बहन गर्नैपर्छ ।

सन् २०११ को शान्ति नोबेल पुरस्कार विजेता लाइबेरियाकी पूर्वराष्ट्रपति म्याडम एलेन जोन्सन सिरलिफले सन् २०१७ को जुलाई १८ तारिखका दिन राष्ट्रिय राजस्व संगोष्ठी सञ्चालन गर्दै मुलुकमा कर तिर्ने संस्कारको राम्रो विकास गर्न आफूसँगै मञ्चमा आसीन विभिन्न मन्त्री, राजनीतिज्ञ, न्यायाधीश तथा उच्च प्रशासकहरूले नमूना बन्नुपर्ने बताएकी थिइन् । यो नेपालका लागि पनि त्यत्तिकै सान्दर्भिक छ ।

**निष्कर्ष**

नेपालमा सन् १९९० को दशकमा लागू गरिएको प्रथम पुस्ताको कर सुधार र आयकर ऐन २०५८ को आगमनसँगै हाम्रो आयकर व्यवस्थामा विश्वमा देखापरेका नवीनतम् अवधारणाहरू प्रयोग गरिएका थिए । अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार करको आधार विस्तार गरेर करका दरको तह तथा संख्यामा भारी कटौती गरिएको थियो । यसको परिणामस्वरुप व्यक्तिगत आयकरका मध्यमस्तरका १५ र २५ प्रतिशतका दुई दर मात्र कायम भएकाले हाम्रो कर आर्थिक हिसाबले बढी सक्षम र प्रशासनिक हिसाबले पारदर्शी तथा सरल भएकाले यसको कार्यान्वयन पनि सफलतासाथ भएको थियो । तर, विगत केही वर्षदेखि आयकरका दरको संख्या तथा तह दुवैमा वृद्धि गर्ने प्रवृत्ति देखापरेको छ । स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गरी मुलुकमा आर्थिक वृद्धिउन्मुख कर प्रणाली विकसित गर्न हाम्रो आयकरको भार छिमेकी तथा प्रतिस्पर्धी मुलुकको करको तुलनामा बढी हुनुहुँदैन र सबै किसिमको आय आर्जन गर्ने गतिविधिलाई यस करको दायरामा ल्याएर क्षमताअनुसार सबैले समान किसिमले सहज रुपमा कर तिर्ने वातावरण सिर्जना गर्नुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# के हाम्रो देशलाई सन्चै छ ?

✍ डा. बलराम तिमल्सिना

केही दिनअगाडि म एउटा शैक्षिक कार्यक्रममा भाग लिन बर्दिवास पुगेको थिएँ । एक बिहान चिया पिउँदै गर्दा त्यहाँका केही युवासँग देशको स्थितिका बारेमा छलफल भयो । एक युवाले सोधे, 'ताल्चा लागेका दुई कोठा' शीर्षकको लेख लेख्ने बलराम तपाईं नै हो ?'

मैले मै हुँ भनेपछि उनले भने, 'सबै भन्छन्, देशलाई क्यान्सर लागेको छ, यो रोग निको हुँदैन । त्यसैले सबैले बुझ्ने भाषामा तपाईंले लेख्नुस् न – देशलाई सन्चै छ र भोलि समृद्ध देश बन्छ भनेर ।' छलफलमा उनीहरूको सकारात्मक सोच र भावना सुन्दा लाग्यो, अब देश हाँक्ने सकारात्मक विचार लिएर अगाडि बढेका यिनै युवाले हो ।

ती युवाको आग्रहलाई लिएर साँच्चिकै म रन्थनिएँ । काठमाडौं फर्केपछि तीन दिन लगाएर मैले उद्योगी, व्यापारी, शिक्षक, विद्यार्थी, कर्मचारी, किसान, गृहिणी, नेता कार्यकर्तादेखि सडकमा भारी बोकेर हिंड्ने सम्मलाई प्रश्न राखें – के हाम्रो देशलाई सन्चै छ ?

दुई सरकारी कर्मचारीको उत्तर मझधारमा थियो । यसबाहेक सबैको एकै स्वर थियो कि देशलाई सन्चो छैन । मैले आफ्नै आत्मालाई सोधें – के मेरो देशलाई सन्चो नभएकै हो ? आत्माले मलाई भन्यो – हो, तेरो देश अहिले बिरामी छ । अन्ततः मैले यही कोणबाट लेख्नैपऱ्यो । यो लेख विशुद्ध मेरा विचारभन्दा पनि मेरो सानो अनुसन्धानमा संलग्नहरूको विचार र भावनाको संश्लेषण हो । देशलाई सन्चै छ भनेर लेख्न नसकेकामा ती युवाप्रति क्षमाप्रार्थी छु ।

राजनीति सबै नीतिको मियो भएकाले सुरु गरौं राजनीतिक दलहरूबाटै । देशमा ८० वर्ष लगभग पुग्न लागेकादेखि भर्खर खुलेर टाउको उठाउँदै गरेका दल छन् । यस्तै, ८० को हाराहारीदेखि ४० को हाराहारीका नेताले दल हाँकेका उदाहरण पनि छन् । यी दुवै थरीका भाषणमा सुनिन्छ – आरोप-प्रत्यारोप, गाली वा आक्रोश ।

युवा तथा ज्येष्ठ नेता दुवैको पत्रकार सम्मेलन हेरियो – त्यहाँ सौम्यता, शालीनता, सभ्य भाषा र विपक्षीको राम्रा काम र विचारको सम्मान देखिँदैन । ठूला भनिने सबै दलका कुनै न कुनै नेता भ्रष्टाचार, अनियमितता वा आपराधिक कार्यमा मुछिएका छन्, तर ती दलका बैठकमा आफ्ना नेताको आचरणलाई लिएर कुनै छलफल वा छानबिन हुँदैन । उल्टै आफ्नो नेतालाई नियतवश फसाइएको निष्कर्ष निकालिन्छ । संसारले देखेको र बुझेको विषयलाई पनि शब्दजालले ढाक्ने कोसिस गरिन्छ ।

दलका बैठकमा देश र जनताका समस्या र तिनको समाधानमा छलफल भएको त्यति सुनिदैन, भइहाले पनि सतही र कर्मकाण्डी किसिमको हुन्छ । देश हाँक्ने सत्तापक्ष र प्रतिपक्ष दलहरूको हबिगत यो छ भने, देशलाई सन्चै छ भनेर लेखूँ कसरी ? राजनीतिक दलहरूलाई त बिसन्चो भएकै पाइयो । अब हेरौं देशको आर्थिक अवस्था । प्रतिपक्ष र जिम्मेवार दलकै नेताहरू देश श्रीलंकाको बाटोमा गयो भन्छन् । यसो हुनुमा कसको कति दोष छ ? यसमा समीक्षा हुँदैन । अर्कोतिर, सत्तापक्ष भन्छ – देशको अर्थतन्त्र लयमा आयो, अर्थ-व्यवस्था सुधारिएको छ । हामी सर्वसाधारणले कसका कुरा पत्याउने ? जसले जे भने पनि भ्रष्टाचार, कमिसन र कुशासनमा कमी आउन सकेको छैन ।

देशको अर्थतन्त्र कमजोर बन्दै गइरहेको छ । घाटाको बजेट छ । त्यसमा विकास बजेट ६० प्रतिशत पनि खर्च हुँदैन । देश रेमिटेन्सले धानिएको छ, लक्ष्यअनुरूप राजस्व उठेको छैन । वैदेशिक ऋण बढेको बढ्यै छ ।

अब नियालौं, सामाजिक पक्षलाई । दलीय आस्था र जातीय मानसिकताले समाज विभाजित देखिन्छ । हुने र नहुने बीचको खाडल बढ्दो छ । सामाजिक सञ्जालमा धार्मिक र जातीय विद्वेष बढाउने अराजक अभिव्यक्ति तीव्र देखिन्छ । मानिस-मानिसबीच सहानुभूति, सद्भाव, सहयोग र सफदयताको अभाव खड्कँदै छ ।

शिक्षाको अवस्था हेरौं । विद्यालय दुई प्रकारका छन् – सामुदायिक र संस्थागत । सामुदायिक विद्यालयमा शिक्षक, विद्यार्थी, कर्मचारी सबै आ-आफ्नो संगठनको राजनीति गर्छन् । विद्यालय व्यवस्थापन समिति राजनीतिक दलबाटै आउँछन्, उनीहरूले राजनीति गर्ने नै भए । यही राजनीतिले सार्वजनिक शिक्षा थिलथिलो भएको छ । केही गरौं भन्ने प्रधानाध्यापक र व्यवस्थापन समितिलाई शिक्षकको दरबन्दी र संघीय सरकारले छुट्याएको बजेटले साथ दिँदैन । जेनतेन चलेका छन् सामुदायिक विद्यालयहरू । अपवादमा उम्दा विद्यालय नभएका होइनन्, समग्रमा सामुदायिक विद्यालयको उत्पादन सन्तोषजनक छैन ।

संस्थागत विद्यालय अति नै व्यापार मुखी देखिन्छन् – पुस्तकमा व्यापार, कापीमा व्यापार, पोसाकमा व्यापार । हुँदाहुँदा भर्नामा पनि व्यापार हुन लागिसक्यो, यतिजना भर्ना गर, यति सहुलियत पाउँछौ भन्छन् विद्यालय सञ्चालकहरू । न शिक्षकलाई तालिम दिन्छन्, न त नियम र कानुनले तोके अनुसारको छात्रवृत्ति वितरण गर्छन् । सरकारले तोकेको मापदण्डलाई ठाडै उलैन गरेर शुल्क असुल्ने प्रवृत्ति बढेकै छ ।

शिक्षामा नाफा कमाउन नाफाखोर हरूले लगानीका अगाडि त्यो देशको संविधानमा लेखिएको 'समाजवाद उन्मुख' शब्दले आफैं लाज मान्नुपर्ने भएको छ । मैले विश्वविद्यालयका विद्यार्थीलाई पनि सोधेको थिएँ, के देशलाई सन्चै छ ? उनीहरू भन्दै थिए – नियमित पढाइ हुँदैन, समयमा परीक्षा हुँदैन । परीक्षा भइहाले पनि पाठयक्रम, पाठयपुस्तक र पढाएका कुरा ख्याल नगरी प्रश्न आउँछन् । परीक्षाफल कहिले प्रकाशित हुने टुंगो हुँदैन ।

विश्वविद्यालयमा थरीथरीका नामधारी विद्यार्थी संगठन छन् । संगठनका स्वार्थमा प्राध्यापक कुटिन्छन्, विश्वविद्यालयमा ताला लाग्छ, प्राध्यापकलाई कालोमोसो दलिन्छ । यस्तो कुकृत्यतर्फ राजनीतिक दल मौन बस्छन् र विश्वविद्यालयका विभिन्न पद भागबन्डामा रमाउँछन् । प्राज्ञिक र उत्कृष्ट प्राध्यापक सिफारिस हुँदैनन्, दलका झोलेहरूले ठाउँ ओगट्छन् । अब कुरा गरौं, स्वास्थ्य क्षेत्रको । सरकार भन्छ – आधारभूत औषधि निःशुल्क वितरण गरिएको छ । जब गाउँको एउटा बिरामी निःशुल्क भनिएको औषधि लिन हेल्थपोस्ट पुग्छ, उसले उत्तर पाउँछ, 'औषधि त निःशुल्क हो तर अहिले सकिएको छ ।' अनि बिरामीले निजी मेडिकलबाट औषधि किन्नैपऱ्यो ।

सरकार भन्छ, गरिब र निमुखाका लागि अस्पतालमा बेड निःशुल्क छ, तर त्यो वर्गका बिरामी अस्पताल पुग्दा सबै बेड भरिभराउ हुन्छन् । त्यसपछि गरिब निमुखा बिरामी निजी अस्पतालमा पुग्छन् र चर्को शुल्कले पिलिसन्छन् । बिरामी निको भए पैसा तिर्न नसकेर बन्धक हुन्छ, मरे अस्पतालले आफन्तलाई लास दिँदैन । यस्तै खालको सर्वसुलभ छ, यो देशको स्वास्थ्य सेवा । किसानका कुरा गर्ने हो भने, अहिले पशुमा लागेको लम्की स्किन रोगको उपचारमा सरकारको रबैया प्रस्ट देखिएको छ । स्थानीय सरकार पालिकाका सबै पशुलाई खोप लगाउन चाहन्छन्, खोप पठाउनुपर्ने सैंघीय सरकार विज्ञप्तिमै सीमित छ ।

कृषि र भान्छातर्फ नियालौं । कृषिप्रधान भनिने देशमा उत्पादन भएको तरकारी सडकमा फाल्न बाध्य छन् कृषक, अर्कोतिर विषादी परीक्षण समेत नभएको भारतीय तरकारी खान बाध्य छौं हामी । दूध भारतबाट आयात गरिन्छ, यहाँका किसानले उचित मूल्य नपाएर सडकमा दूध बगाउँछन् । चिनी विदेशबाट ल्याइन्छ, देशमा उखुको मूल्य नपाएर उखुखेती गर्ने किसान घट्दै छन् । कृषकले समयमै बिउ-बीजन, मल नपाउने समस्या पुरानै छ । कृषि उपजमा परनिर्भरताको असर जनताका भान्छामा देखिन थालेको छ ।

उद्योग व्यापारको क्षेत्र झन् डाँवाडोल छ । सीमित व्यक्तिको हातमा ठूला उद्योग र व्यवसाय छन् । बैंकबाठ ऋण उनीहरूले नै पाउँछन् । बैंकले ब्याज मिनाहा उनीहरूलाई नै गर्छ । भन्सार छली गर्ने सीप उनीहरूसँगै छ । नेताहरू रिझाएर आफूअनुकूल नियम कानुन निर्माण गर्न सक्ने कला उनीहरूसँगै छ । अनि साना व्यापारीको भागाभाग छ । कहिले करको नाममा सरकारले लखेट्छ उनीहरूलाई, कहिले चन्दाको नाममा राजनीतिक दलका सुण्डमुण्डले लखेट्छन् । कहिले स्थानको नाममा नगरपालिकाले लखेट्छ त कहिले चर्को ब्याज र ऋण असुलीको नाममा बैंकले लखेट्छ । *(साभार: रातोपाटी)*

### सडक दुर्घटनाको कहालीलाग्दो शृंखला :

# ५ वर्षमा १२ हजार ६१२ जनाको मृत्यु

काठमाडौं/बुधबार बिहान काठमाडौंबाट पर्वतका लागि छुटेको प्रदेश ०१-००५ ख ९९५२ नम्बरको बस धादिङको गजुरी गाउँपालिका २ चालिसेस्थित त्रिशुली नदीमा खस्दा ८ जनाको मृत्यु भयो । दुर्घटनाको कारण भने खुलेको छैन ।

यो दुःखद् दुर्घटना नेपालमा सडक दुर्घटनाको कहालीलाग्दो शृंखलाको पछिल्लो एक घटना मात्र हो । नेपाल प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो ५ वर्षमा सडक दुर्घटनामा परी १२ हजार ६१२ जनाको मृत्यु भएको छ ।

अघिल्लो आर्थिक वर्ष २०७९/८० को १२ महिनाको अवधिमा मात्र ३५ हजार ७५४ वटा सडक दुर्घटनाका घटना भएका छन् । जसमा परी २३ सय २० जनाको मृत्यु भएको छ । यो संख्या पछिल्ला वर्षहरुको तुलनामा केही कम भएपनि ज्यानमारा दुर्घटनाको शृंखला भने रोकिएको छैन ।

अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा २८ सय ८३ जनाले सडक दुर्घटनामा ज्यान गुमाएका थिए । आव २०७७/७८ मा २६ सय ५८, आव २०७६/७७ मा २५ सय र आव २०७५/७६ मा २२ सय ५१ जनाको सडक दुर्घटनामा ज्यान गएको नेपाल प्रहरीको तथ्याङ्क छ ।

सडक सुरक्षा विज्ञ तथा पूर्व ट्राफिक प्रहरी प्रमुख केशव अधिकारी सडक पूर्वाधार, कमजोर नियमन र चालकको लापरवाहीले नेपालमा धेरै दुर्घटना हुने बताउँछन् । 'सवारी साधनको संख्याका हिसावले हामी विश्वमा नगन्य अवस्थामा छौं,' उनले भने, 'तर, दुर्घटना र मानवीय क्षति संसारमै उच्चमध्येमा हामी छौं, यो डरलाग्दो अवस्था हो ।'

यस्तो अवस्था आउनुमा सडकको रेखाङ्कन नमिल्नु, नेपालको भूगोल अनुसार चालक अनुमति पत्र दिने प्रणाली कमजोर हुनु र सडकमा तँछाडमछाड गर्ने चालकको प्रवृत्ति मुख्य कारण रहेको उनी बताउँछन् ।



*बुधबार धादिङको गजुरी-२ स्थित चालिसेमा दुर्घटनाग्रस्त बस ।*

'नेपालमा सडक बनाउँदा यति धेरै घुम्ति राखिन्छ कि एक अर्का दिशाबाट आएका सवारी चालकले १०/१२ मिटर मात्र बाँकी रहँदा गाडी आएको देख्छन्,' उनले भने, 'तीव्र गतिमा रहेका सवारीलाई चालकले नियन्त्रणमा लिन सकेनन् भने दुर्घटना हुन्छ, यसमा सडकको डिजाइनको गल्ती हुन्छ ।' ड्राइभर सिटमा बसेपछि ब्रेक थिच्न नमान्ने चालक र उनीहरुलाई नियमन गर्ने निकाय कमजोर हुँदा समेत नेपालमा दुर्घटना बढेको अधिकारीले बताए ।

धेरैजना यात्रु बोकेर हिंड्ने हेबी सवारी साधनको चालक दक्ष र अनुभवी हुनुपर्ने मान्यता विपरीत अनौपचारिक रुपमा लाइसेन्स प्राप्त गरी सवारी चलाउने प्रवृत्तिले समेत दुर्घटना निम्त्याउने उनको भनाइ छ ।

अर्का सडक सुरक्षाविद् आशिष गजुरेल सडक सुरक्षामा संवेदनशील नहुँदा हरेक वर्ष दुर्घटनाबाट ठूलो मानवीय क्षति भइरहेको बताउँछन् । उनी भन्छन्, 'सडक सुरक्षामा सिन्को नभाँच्ने अनि दुर्घटना नभएर के हुन्छ त ? कहिले हुने हामी यो विषयमा संवेदनशील ? वार्षिक ३ हजार भन्दा धेरैले ज्यान गुमाउने विषयमा पनि हाम्रो लागि संवेदनशील नहुने ?'

विज्ञहरुका अनुसार ठूला राजमार्गमा हुने दुर्घटनापछि प्रहरीले दिने प्रतिवेदनलाई गम्भीरताका साथ लिएर सुधारमा नलाग्ने राज्य संयन्त्र नै मानवीय क्षतिमा ठूलो जिम्मेवार हो । 'कतिपय अवस्थामा एउटा साइनबोर्ड राख्दा मात्र पनि दुर्घटना कम हुन्छ,' अधिकारी भन्छन्, 'हामी त्यति पनि गर्न सक्दैनौं ।' सडक सुरक्षामा सडकमा राखिने रोड फर्निचर (मार्किङ)को ठूलो भूमिका हुने उनको भनाइ छ ।

### घाइते हुनेको संख्या विकराल

सडक दुर्घटनाले मानवीय क्षति गराउने विषयसँगै अंगभंग गराउने संख्या समेत विकराल देखिन्छ । नेपाल प्रहरीको तथ्यांक अनुसार सडक दुर्घटनाका कारण एक वर्षको अवधिमा २८ हजार ९५६ जना मानिस घाइते भएका छन् । यो आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क हो ।

आर्थिक वर्ष २०७१/७२ यता आव २०७८/७९ सम्म सडक दुर्घटनामा परी १९ हजार ३८५ जनाको ज्यान गएको छ । यस्ता दुर्घटनामा १ लाख ३५ हजार १७५ जना मानिस घाइते भएको नेपाल प्रहरीको तथ्याङ्क छ । यो अवधिमा मात्र १ लाख ८६ हजार २७७ वटा सवारी साधन दुर्घटनामा परेका छन् ।

### दुई पांग्रे सवारी धेरै दुर्घटनामा, ठूलो मानवीय क्षति यात्रुबाहक सवारीबाट

नेपालमा सवारी साधनको संख्याका हिसावले दुई पांग्रे सवारी साधन दुर्घटनाको संख्या धेरै रहेको छ । तर, मानवीय क्षति धेरै गराउने सवारी साधनमा भने यात्रुबाहक सवारी साधनको संख्या धेरै रहेको छ । आव २०७९/८० मा मात्र २८ सय १० वटा यात्रुबाहक बस दुर्घटनामा परेका छन् । यस अवधिमा १८ हजार ४९ वटा मोटर साइकल दुर्घटनामा परेको नेपाल प्रहरीको तथ्याङ्क छ ।

### ट्राफिक कारवाहीबाट मात्र उठ्छ झण्डै २ अर्ब

देशभर ट्राफिक नियम उल्लंघनको अवस्था कति डरलाग्दो छ भन्ने विषय ट्राफिक कारवाहीबाट उठेको राजस्वबाट पनि पुष्टि हुन्छ । नेपाल प्रहरीको तथ्याङ्कअनुसार आव २०७९/८० मा सवारी साधनमाथि गरिएको कारवाहीबाट मात्र १ अर्ब ८५ करोड २५ लाख ४२ हजार ४१५ रुपैयाँ राजस्व उठेको छ ।

यसरी ट्राफिक कारवाहीमा पर्नेमा ठूला, मझौला र साना सवारी साधनको संख्या उत्तिकै जिम्मेवार देखिएका छन् । सबैभन्दा धेरै कारवाही काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट भएको छ ।

### गति र लापरवाही कम हुनासाथ दुर्घटना न्यून हुन्छ : प्रहरी

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी नायव महानिरीक्षक पोषराज पोखरेल उच्च गति र लापरवाही कम हुनासाथ नेपालमा धेरै सवारी साधनको दुर्घटना कम हुने बताउँछन् ।

'अहिले धेरै दुर्घटना अति उच्च गति र चालकको लापरवाहीका कारण हुने गरेको देखिन्छ', उनी भन्छन्, 'स्पीड उच्च हुनासाथ अकस्मात आउने समस्यामा चालकले सवारी कन्ट्रोल गर्न सक्दैन ।' दुर्घटनामा यान्त्रिक गडबडी र सडकको अवस्थाले पनि भूमिका खेल्ने भन्दै उनले कम गति हुनासाथ यी गडबडीका कारण आउन सक्ने जोखिम पनि कम हुने उनको भनाइ छ ।

बुधबारको दुर्घटना समेत उच्च गतिका कारण भएको हुन सक्ने आशंका गर्दै उनी भन्छन्, 'पानी परेको बेला सडक चिप्लो हुन्छ, यस्तो बेला जति कम स्पीडमा सवारी चलायो, त्यति सुरक्षित हुन्छ ।' काठमाडौं उपत्यका भित्र गति नियन्त्रणका लागि प्रविधिको सहायता लिन थालिएको भन्दै उनले यो राष्ट्रिय राजमार्गमा समेत बिस्तारको आवश्यकता औंल्याए ।

*(स्रोत: अनलाइनखबर)*

# आकाशको बर्थडेमा देखिने क्रेज फिल्ममा खोइ ?



काठमाडौं/करिब ९ महिना अगाडि अभिनेता आकाश श्रेष्ठले आफ्नो जन्मदिन फ्यानहरुसँग मनाएका थिए । उनका फ्यानहरुले काठमाडौंको एउटा पार्टी प्यालेस नै रिर्जभ गरेर उनलाई हातमा सुनको सिक्रीदेखि कानमा मुन्द्रासम्म उपहार दिएका थिए । उनको जन्मदिनमा र माउन फ्यानहरुको सानोतिनो मेला लागेको थियो । त्यसअघिका उनको बर्थडेमा पनि भीडभाड र सुनको उपहार टुटेको थिएन ।

एउटा सेलिब्रेटीले ठूलो मात्रामा प्रशंसक कमाउनु ठूलै उपलब्धि हो । यो सौभाग्य ज्यादै कमले पाउने गर्छन् । तर, जन्मदिनमा मात्रै देखिने क्रेज लौरो न हतियार हो । आकाशको जन्मदिनमा देखिने क्रेज हलमा देखिएको भए उनी अभिनीत फिल्म 'हिँड्दा हिँड्दै'ले एक हप्ता पनि नपुग्दै दम तोड्नुपर्ने अवस्था आउँदैन थियो । यो फिल्म उनको करिअरकै सबैभन्दा ठूलो डिजास्टर बन्न पुगेको छ ।

फिल्मलाई प्रायः मल्टीप्लेक्सहरुले हटाइसकेका छन् । एकाधमा बिहीबारसम्म जेनतेन टिक्ने देखिन्छ । त्यसो त एउटा कलाकारको बलमा फिल्म चल्ने कदापि होइन । त्यसका लागि फिल्म आफैंमा सशक्त हुनुपर्छ ।

'हिँड्दा हिँड्दै'को असफलताको राज खोज्ने हो भने फिल्ममै खोट भेटिन्छ । तथापि, उक्त फिल्मको नतिजाले आकाशलाई गम्भीर आत्मसमीक्षा गर्नुपर्ने अवस्थामा उभ्याएको छ ।

'हिँड्दा हिँड्दै' व्यावसायिक रुपमा सफल हुनैपर्ने दबाब उनमा थियो । किनभने गत वर्ष उनको दुई फिल्म 'सम्हालिन्छ कहिले मन' र 'सम्झना बिर्सना' पनि असफल भएका थिए । हुन त 'हिँड्दा हिँड्दै'लाई निर्माताले भगवान् भरोसामा छाडिदिएका थिए । त्यसैले आकाशलाई पनि रत्ति आशा थिएन । तर, फिल्मको असफलताले करिअरमा अर्थ राख्ने भएकाले उनलाई ठूलो असर गर्ने देखिन्छ ।

# 'गदर २' : १२ दिनमा ४ सय करोड



काठमाडौं/कोरोना महामारीपछि बलिउड लामो समय संकटग्रस्थ अवस्थामा थियो । कयैन् आशातित फिल्मले लगानी समेत उठाउन सकेनन् । यस वर्ष प्रदर्शित शाहरुख खान अभिनीत फिल्म 'पठान'ले बलिउडलाई नै पुर्नजन्म दियो । यसपछि बलिउड फिल्मको सफलता जारी छ । यसबीच, फिल्म 'गदर २'ले बलिउडलाई अर्को ठूलो खुसी दिएको छ । यो फिल्मले भारतीय बक्स अफिस तताएको छ ।

सन् २००१ को सुपरहिट फिल्म 'गदर'को कथाको निरन्तरताको रुपमा तयार भएको फिल्मको ओपनिङ कलेक्सन नै सानदार थियो । ४० करोडको ओपनिङ गरेको फिल्मले प्रदर्शनको ३ दिनमा सय करोड, ५ दिनमा २ सय करोड, ८ दिनमा ३ सय करोड र १२ दिनमा ४ सय करोडको आँकडा छोएको छ । अब फिल्म ५ सय करोडको लक्ष्यमा अघि बढेको छ । र, यो पनि सम्भव देखिन्छ ।

फिल्मको बारेमा ट्रेन्ड एनालिस्ट तरण आदर्श लेख्छन्, 'फिल्मले ५ सय करोड क्लबमा आफ्नो महत्त्वपूर्ण यात्रा सुरु गऱ्यो । यो ठूलो रुपमा एक घोडाको दौड हो ।' रिलिजपूर्व फिल्मको सफलतालाई लिएर आशंका उब्जिएको थियो । तर, फिल्मले बलिउडलाई नै 'सरप्राइज' दिएको छ । अनिल शर्माद्वारा निर्देशित फिल्ममा सनी देओल, अमीषा पटेल, उत्कर्ष शर्मालगायतको मुख्य भूमिका छ ।

'गदर २'सँगै एकसाथ प्रदर्शनमा आएको अक्षय कुमार र पंकज त्रिपाठी अभिनीत फिल्म 'ओएमजी २'ले पनि सय करोडको आँकडा पार गरिसकेको छ ।

फिल्मले प्रदर्शनको १२ दिनसम्ममा १ सय २० करोडमाथिको कमाई गरेको इन्डिया टूडेले उल्लेख गरेको छ । 'गदर २'भन्दा 'ओएमजी २'को 'वर्ड अफ माउथ' राम्रो छ । यी दुई फिल्मले बलिउडलाई नयाँ दिशा दिएको विश्लेषण गरिएको छ ।

# माधव-झलनाथ टकरावले एकीकृत समाजवादीमा चिन्ता





काठमाडौं/नेकपा एकीकृत समाजवादीको जारी केन्द्रीय कमिटी बैठकमा नेताहरुले नेतृत्वलाई मिलेर अगाडि बढ्न दबाव दिएका छन् ।

मंगलबार सुरु पार्टीको छैटौं केन्द्रीय कमिटी बैठकमा नेताहरुले पार्टी निर्माण प्रक्रियामा अनेक समस्या झेल्नु परिरहेकाले नेतृत्वमै देखिएको मतभेदप्रति चिन्ता गरेका थिए ।

पहिलो दिन अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खनालले केही राजनीतिक एजेन्डामा भिन्न मत राखेका थिए । त्यसपछि अध्यक्ष नेपालले राखेको राजनीतिक प्रतिवेदनमा पहिलो दिन मंगलबार ३० जना र दोस्रो दिन ८५ जना केन्द्रीय सदस्यले धारणा राखेका छन् ।

अधिकांशले पार्टी निर्माण प्रक्रियामा भोगेका समस्या र अबको भविष्यबारे चिन्ता गरेको महासचिव घनश्याम भूसालले बताए । 'आम रूपमा पार्टी निर्माणका क्रममा भोगेका अप्ठेरा, जटिलता, काम गर्दाका दुःख र त्यसबीचमा आन्दोलनलाई अगाडि बढाउनु पर्ने आवश्यकता र त्यसका लागि आवश्यक पर्ने हाम्रो आन्तरिक एकताको विषय र कार्यक्रमको कुराहरू उठेका छन्', महासचिव भुसालले भने ।

'साथीहरू सबै एक ठाउँमा हुँदैनन् । केही न केही मतभिन्नता भइहाल्छ । जीवन्त पार्टीमा बहस हुन्छ, यस्तो भएन भने पार्टी नै रहँदैन', केन्द्रीय सदस्य मेटमणि चौधरीले भने, 'तर सबैले मिल्नुपर्छ भन्ने कुरालाई प्राथमिकता दिनुभएको छ ।'

अन्य धेरै विषयहरू आए पनि पार्टीको मूल नेतृत्व एक ठाउँमा आएर जानुपर्ने धारणा राखेको चौधरीले बताए । उनका अनुसार, केन्द्रीय सदस्यहरूले पार्टी र आन्दोलन निर्माणको चुनौतीपूर्ण परिस्थितिलाई ध्यान दिएर एउटै दस्तावेज ल्याउन जोड दिएका छन् ।

'नेताहरू बाझेर हुँदैन । नेता मिल्दा पार्टीका तल्ला कमिटीमा मिलेर जान सजिलो हुन्छ । नेता नै बाझ्न थालेपछि पार्टीका कमिटीमा पनि एकरूपता आउँदैन भन्ने विषय प्राथमिकताका साथ आएको छ', चौधरीले भने, 'विशेष गरी अध्यक्षले पेस गर्नुभएको राजनीतिक प्रतिवेदन र त्यसमा सम्मानित नेता खनालले उठाउनुभएका केही प्रसंगको हकमा पनि खुलेर छलफल भइरहेको छ ।'

अध्यक्ष नेपालले पेश गरेको राजनीतिक दस्तावेजमाथि नेता खनालले सैद्धान्तिक र कार्यगत पक्षमा नै प्रश्न उठाएका छन् । नेपालले राजनीतिक प्रतिवेदनमा पार्टीको आन्तरिक कारणले जटिलता उत्पन्न भएको भन्दै त्यसलाई छुट दिन नसकिने उल्लेख छ ।

'पार्टीमै रहेका कतिपय व्यक्तिहरूबाट पार्टीको बदख्वाइँ गर्नु अनुशासनहीन र अराजक कार्य हो । त्यस्तो कार्य गर्ने केही व्यक्ति पार्टीबाट पलायन भएर गइसकेका छन् । यदि कसैबाट अझै पनि त्यस प्रकारको दुष्कर्म भइरहेको छ भने तुरुन्त रोकिनुपर्छ । त्यस्ता गलत कार्यलाई विगतमा नियन्त्रण नगरिएको भए पनि अब छुट दिन सकिँदैन', अध्यक्ष नेपालले पेस गरेको राजनीतिक प्रतिवेदनमा भनिएको छ ।

नेपालले प्रतिवेदनमा पार्टी सानो छ भन्ने लघुताभास, प्रत्यक्ष रूपमा कुनै लाभ प्राप्त नभएको असन्तुष्टि मात्रै देखाउने, पार्टीको सिद्धान्त, विचार र दृष्टिकोणको दृढतापूर्वक पक्षपोषण गर्न नसक्ने, जिम्मेवारी लिने तर त्यसलाई बहन नगर्ने प्रवृत्तिका कारण पार्टी कमजोर बन्दै गएको विश्लेषण गरेका छन् ।

तर, नेता खनालले पार्टी कमजोर हुनुमा एमालेसँग सैद्धान्तिक र नीतिगत रूपमा भिन्न देखिन नसक्नु रहेको भन्दै फरक धारणा पेस गरेका छन् ।

उनले पार्टीले प्रधान राजनीतिक अन्तरविरोध निक्यौंल गर्न नसकेको, प्रधान शत्रु वा प्रतिद्वन्द्वीको निर्धारण नगरेको, एमालेलाई शत्रु र दक्षिणपन्थी शक्तिलाई मित्र शक्ति मानेर जाँदा पार्टी कांग्रेस र माओवादी केन्द्रको पिछलग्गुजस्तो बनेको भन्दै फरक धारणा राखेका थिए ।

'एमालेको नेतृत्वसँग हाम्रो पार्टीको अन्तरविरोध चर्को छ । तर, राजनीतिक शक्तिको हिसाबले त्यो अन्तरविरोध पनि मित्रतापूर्ण अन्तरविरोध नै हो', खनालले भनेका थिए, 'एमालेलाई शत्रु शक्तिजस्तो ठानेर दक्षिणपन्थी शक्तिलाई मित्र ठान्ने र एमालेलाई मुख्य निशाना ठान्ने दक्षिणपन्थी दृष्टिकोणबाट हाम्रो पार्टी सर्तक रहनुपर्छ ।' नेपालले भने एमालेसँग स्पष्ट भिन्नता रहेको दावी गर्दै कांग्रेस र माओवादी केन्द्रसँगको अहिलेको गठबन्धनलाई लामो समयसम्म टिकाएर लैजानुपर्ने आवश्यकतालाई औंल्याइएका छन् ।

निर्वाचनपछि १० पुसमा माओवादी केन्द्रले एमाले, रास्वपा र राप्रपासँग नयाँ गठबन्धन बनाएर सरकार निर्माण गर्न केपी शर्मा ओलीले संविधानविरुद्ध आफ्नो आक्रमणलाई सही ठहऱ्याउने र नयाँ सरकारलाई आफ्नो योजना अनुसार सञ्चालन गर्ने चालबाजीका रूपमा विश्लेषण गरिएको छ ।

# सांसद विकास कोषको बजेट खर्च नगर्न सर्वोच्चको आदेश

काठमाडौं/सर्वोच्च अदालतले चालु आर्थिक वर्षमा संघीय सरकार र प्रदेश सरकारले निर्वाचन क्षेत्रमा छुट्याएको बजेट र यस सम्बन्धी कार्यक्रम कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ ।

बुधबार प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा, डा. आन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमान सिंह राउतको संवैधानिक इजलासले संघीय सरकार र प्रदेश सरकारले निर्वाचन क्षेत्रमा छुट्याएको रकम तत्काल खर्च नगर्न नगराउन अन्तरिम आदेश दिएको हो ।

अर्थमन्त्री डा. प्रकाशशरण महतले १५ जेठमा संघीय संसदमा पेश गरेको बजेट वक्तव्यको बुँदा नम्बर ४४५ मा प्रतिनिधिसभाको प्रत्येक निर्वाचन क्षेत्रमा सांसदको योजनामा ५ करोड रुपैयाँ खर्च गर्ने गरी बजेट छुट्याएको उल्लेख थियो । त्यस्तै प्रदेश सरकारहरुले पनि प्रदेशसभा निर्वाचन क्षेत्रमा सांसदहरुले खर्च गर्न पाउने गरी निश्चित बजेट विनियोजन गरेका थिए ।

अधिवक्ता त्रिलोकबहादुर चन्द समेतले यसरी निर्वाचन क्षेत्रमा बजेट छुट्याउनु संविधान र कानुन विपरीत हुने भन्दै सर्वोच्चमा रिट दिएका थिए । सोही रिटको सुनुवाइ गर्दै संवैधानिक इजलासले यस्तो आदेश दिएको हो ।

'विनियोजन ऐन २०८० को रुपमा पारित आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ४४५ सँग सम्बन्धित व्यवस्था र सातवटै प्रदेशका व्यवस्थापिकाहरुको आर्थिक वर्ष २०८०/८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाहरु तथा ती व्यवस्थाहरुको लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नु नगराउनू' आदेशमा भनिएको छ ।

सर्वोच्च अदालतले यस मुद्दामा संघीय सरकार र प्रदेश सरकारसँग ७ दिनभित्र लिखित जवाफ पनि माग गरेको छ ।

सर्वोच्च अदालतले नेपालले शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित लोकतान्त्रिक शासन प्रणाली अंगीकार गरेको भन्दै संघीय मन्त्रिपरिषद र प्रदेश मन्त्रिपरिषदमा रहेको कार्यकारिणी अधिकारी विधायकहरुले प्रयोग गर्न उचित नहुने टिप्पणी गरेको छ ।

उसले सांसदहरुलाई योजना छनौट र बजेट विनियोजन गर्ने अधिकार दिनु संवैधानिक व्यवस्था प्रतिकुल हुने औंल्याएको हो । आदेशमा भनिएको छ, 'संघीय र प्रदेश व्यवस्थापिकाको मूल कार्य व्यवस्थापिकीय प्रकृतिको कार्य नै हुने देखिन्छ । संघीय सांसद वा प्रदेश सभा सदस्यहरूलाई कार्यकारिणी प्रकृतिको कार्य गर्ने जिम्मेवारी प्रदान गरेको देखिँदैन ।'

सर्वोच्च अदालतले राष्ट्रिय योजना आयोग वा प्रदेश योजना आयोग वा सम्बन्धित मन्त्रालयको सिफारिसमा नपरेका विषयमा सांसदहरुले कार्यकारिणी अधिकार प्रयोग गर्दा स्वार्थ बाझिने अवस्था आउने चेतावनी दिएको छ । आदेशमा भनिएको छ, 'सांसद आफैले संसदीय निर्वाचन क्षेत्रको पूर्वाधार विकासको नाममा रकम छुट्याउँदा स्वार्थ बाझिने अवस्था पनि रहन्छ ।'

सर्वोच्चले यो कार्यक्रममा संघीय संसदका समानुपातिक सांसद र राष्ट्रियसभा सदस्यलाई फरक व्यवहार गरिएको र विकासका योजना निर्माण र स्वीकृत अभ्यास विपरीत भएको उल्लेख गरेको छ ।

त्यस्तै यो कार्यक्रममा सरकारी कोषको रकम खर्च गर्दा अपनाउनुपर्ने पारदर्शिता र जवाफदेहिता सम्बन्धी विषय पनि विचारणीय रहेको सर्वोच्चले उल्लेख गरेको छ । 'विकास योजना निर्माण र कार्यान्वयनसम्बन्धी स्वीकृत अभ्यास र मान्यता प्रतिकुल हुने गरी सिमित आर्थिक क्षमता रहेको मलुकमा राष्ट्रिय ढुकुटीको ठूलो हिस्सा (अर्थात संघ र प्रदेश समेतबाट अर्बौं रकम) केही खास जनप्रतिनिधिहरुको वैयक्तिक तजबिजमा खर्च गर्नु योजनवद्ध विकासको अवधारणा तथा सुशासनको मान्यता अनुकुल देखिँदैन' सर्वोच्चले आदेशमा भनेको छ ।

# मुकुन भन्छन्, 'फिल्म इन्डस्ट्री किराना पसल होइन, एकअर्काले साथ दिए इन्डस्ट्री फष्टाउँछ'



काठमाडौं/साउथ फिल्मको बढ्दो बजार बलिउडलाई ठूलो चुनौती बनिरहेको छ । यसैले बलिउडको बजारलाई बलियो बनाउन त्यहाँका ठूला स्टारहरुले एकअर्काको फिल्ममा सहकार्य गर्दै आइरहेका छन् । 'पठान' यसको उदाहरण हो, जसमा शाहरुख खान र सलमान खान एकसाथ देखिएका थिए । तर, नेपाली फिल्ममा स्टार कहलिएका कलाकारहरुबीच सहकार्यको भावना देखिन सकेको छैन ।

फिल्मको बजार फष्टाउन बलिउडले अपनाएको शैली नेपाली फिल्ममा पनि अपनाउन आवश्यक देख्छन्, अभिनेता मुकुन भुषाल । उनी भन्छन्, 'बलिउडका ठूला स्टारहरुले एकअर्काको फिल्ममा सहकार्य गर्नुको कारण उनीलाई बजार खुम्चिँदै गइरहेको छ भन्ने राम्ररी थाहा छ । यसैले उनीहरु एकअर्काको फिल्ममा सहकार्य गर्दै आइरहेका छन् । यो नेपाली फिल्ममा पनि हुन आवश्यक छ ।'

फिल्म इन्डस्ट्री किराना पसल जस्तो नभएको उनको तर्क छ । 'एउटा सामान किनेको ग्राहक सधैँ त्यही पसलमा आएर किनिरहन्छ भन्ने त हुँदैन नि,' उनी अगाडि भन्छन्, 'एकअर्काले साथ दिने हो भने नेपाली फिल्मको बजार पनि फस्ट्याउन गाह्रो छ जस्तो मलाई लाग्दैन ।' अभिनेता भुषाललाई इगोको कारणले स्थापित कलाकारहरुबीच फिल्ममा सहकार्यको भावना हुन नसकेको भन्ने लाग्दैन ।

'इगोका कारण सहकार्यको भावना हुन नसकेको भन्ने चाहिँ लाग्दैन । म त सिकारु कलाकार हुँ । तेस्रो फिल्म बल्ल प्रदर्शन हुँदैछ । धेरै काम गरिसकेका कलाकारसँग काम गर्दा पनि इगोको समस्या चाहिँ देखिनँ,' उनको अनुभव छ । फिल्म 'बुलबुल'बाट चर्चामा आएका मुकुनले हरेक फिल्म भिन्न जनराको गर्दै आएका छन् । उनको अनुभवमा हरेक फिल्ममा काम गर्ने तरिका फरक हुन्छ ।

उनलाई फिल्ममा कति सिन गरियो भन्दा पनि त्यसले कति प्रभाव पार्छ भन्ने ठूलो लाग्छ । 'फिल्ममा कति सिन गरियो होइन, त्यसले कति प्रभाव छाड्यो भन्ने मेरो लागि मुख्य कुरा रहने गर्छ । 'बुलबुल'मा मेरो कति सिन थियो, त्यो गणना नगरे पनि त्यो क्यारेक्टरले केही प्रभाव छाड्यो जस्तो चाहिँ लाग्छ,' मुकुनले भने । उनी अभिनीत नयाँ फिल्म 'ऐंचो पैंचो' भदौ १४ गतेबाट प्रदर्शनमा आउँदैछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रहरीचौकी ठुलोदमारको भवनको उदघाटन

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/हेटौंडा उपमहानगरपालिका-१८ ठुलोदमारमा नवनिर्मित प्रहरीचौकी ठुलोदमारको भवन उद्घाटन गरिएको छ ।



बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रहरी भवनको बुधवार उद्घाटन गरेका हुन् । उद्घाटनमा बागमतीका आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठ, प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, हेटौंडाकी नगर प्रमुख मीनाकुमारी लामा, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव ध्रुव गैंडा, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं, बागमती प्रदेश प्रहरीप्रमुख प्रहरीनायवमहानिरिक्षक किरण राणा, मकवानपुरका प्रहरीउपरीक्षक सीताराम रिजाल, हेटौंडा-१८ का वडाअध्यक्ष अनिल बानियाँलगायतको उपस्थिति थियो ।

नवनिर्मित भवनको बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयको २ करोड ३५ लाख ८६ हजार रुपैयाँ लागतमा निर्माण गरिएको हो । यससँगै बागमती प्रदेश सरकारले प्रहरी संगठनको क्षमता वृद्धि गर्न ४९ वटा प्रहरी इकाईको भवन निर्माण गरिसकेको छ । प्रहरी संघीय सरकारकै मातहत रहेता पनि प्रदेशले भवन निर्माण गरिरहेको छ । बागमतीमा १८ वटा भवन निर्माणाधीन अवस्थामा छन् । ५ वटा भवन निर्माण गर्न ठेक्काको प्रक्रियामा रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सूचना अधिकारी सुरेन्द्र कार्कीले जानकारी दिए ।

बागमती सरकारले आव ०७५/७६ देखि आव ०७९/८० सम्म १० जिल्लामा ४९ वटा भवन निर्माण गरिसकेको छ । कानुन मन्त्रालयले प्रदेश सरकार गठन पश्चात पहिलो चरणमा एक अर्ब ६६ करोड ९९ लाख १२ हजार ९ सय ७७ रुपैयाँ र दोस्रो चरणमा ७३ करोड ५८ लाख पाँच हजार ९ सय ९२ रुपैयाँ खर्च हुने गरी प्रहरी भवन निर्माण गरेको जनाएको छ । मकवानपुरमा ९, चितवनमा ५, सिन्धुलीमा ७, रामेछापमा ४, दोलखामा ४, नुवाकोटमा ३, काभ्रेमा ८, धादिङमा ३, रसुवामा ४, सिन्धुपाल्चोकमा ३ वटा भवन निर्माण भइसकेको छ ।

मकवानपुरमा सशस्त्र प्रहरी गण नम्बर ३ रातोमाटे, प्रहरीचौकी कान्द्राङ, जिल्ला ट्राफिक प्रहरी कार्यालय, प्रहरीचौकी रातोमाटे, इलाका प्रहरी कार्यालय ठिंगन, प्रहरीचौकी डाँडाखर्क, प्रहरीचौकी हात्तिसुँढे, प्रहरीचौकी ठुलोदमार निर्माण भएको छ ।

हेटौंडाको २० वर्ष पुरानो बलात्कार र हत्या प्रकरण

# आरोपित राईलाई पुर्पक्षमा पठाइयो




साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ हेटौंडामा २० वर्षअघि घटेको बालिकामाथि बलात्कार र हत्या प्रकरणका आरोपितलाई पुपर्क्षका लागि कारागार पठाइएको छ ।

जिल्ला अदालत मकवानपुरले ५ वर्षीया बालिकालाई बलात्कार र हत्या गरेको आरोपमा पक्राउ परेका ४५ वर्षीय सोमबहादुर राईलाई पुर्पक्षमा पठाएको हो । बालिकालाई २०६० असोज १८ मा फकाएर राईले बलात्कार गरेको र हत्या गरेर हेटौंडा उपमहानगर पालिका-१०, स्थित राप्ती खोलाको ढुंगाको चेपमा फालेको प्रहरी अनुसन्धानमा खुलेको थियो । बालिकाको शव १९ असोज ०६० मा फेला परेको थियो भने घटनापछि राई फरार थिए । घटना हुँदा राई २५ वर्षका थिए ।

आरोपित राईलाई जिल्ला न्यायधीश ऋषिराम निरौलाको इजलासले बुधबार पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो ।

राईलाई गत १३ साउनमा ललितपुरको गोदावारी-१४ ठैवबाट जिल्ला प्रहरी कार्यालय मकवानपुर र बागमती प्रदेश प्रहरी कार्यालयको संयुक्त पहलमा पक्राउ गरी हेटौंडा ल्याइएको हो । उनले बलात्कारपश्चात् हत्या गरेर फालेको बयान दिएको जनाइएको छ ।

हेटौंडा-१ मा डेंगु नियन्त्रण अभियान

# ‘खोज र नष्ट गर’ प्रत्येक हप्ता

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ ले डेंगु रोगको संक्रमणलाई फैलिन नदिन ‘खोज र नष्ट गर’ अभियानलाई तीब्रताका साथ अगाडि बढाउने भएको छ ।



डेंगुको संक्रमण बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै वडा कार्यालयले टोल विकास संस्थाहरु, महिला स्वास्थ्य स्वयम्सेविका, विद्यालयका शिक्षकहरुलाई बुधबार अभिमुखीकरण तालिम दिँदै प्रत्येक घरमा डेंगु फैलाउने लामखुट्टे नियन्त्रण अभियान थाल्ने घोषणा गरेको हो ।

वडा अध्यक्ष तथा नकौली शहरी स्वास्थ्य केन्द्र व्यवस्थापन समिति अध्यक्ष सविन न्यौपानेले डेंगु रोगको प्रकोप बढ्ने समय भदौ, असोज र कात्तिक महिना रहेकोले यस समयमा प्रत्येक घरका नागरिकहरु उच्च सतर्क अवस्थामा रहनुपर्ने बताए ।

मकवानपुर जिल्लामा विगत वर्ष भन्दा तीब्र गतिमा डेंगु रोगको संक्रमण फैलिरहेको हुनाले डेंगु रोग फैलाउने लामखुट्टे हुर्किन नदिन पानी जम्ने ठाउँलाई नष्ट गर्न प्रत्येक घरको नागरिक सक्रिय रहनु पर्ने वडा अध्यक्ष न्यौपानेले बताए ।

कार्यक्रममा उपस्थित सबै टोल विकास संस्था, स्वयम्सेविका, शिक्षकहरुले हरेक हप्ता आ-आफ्नो क्षेत्रमा लामखुट्टेको लार्भा र प्युपा ‘खोज र नष्ट गर’ अभियान संचालन गर्ने निर्णय भएको स्वास्थ्य केन्द्र प्रमुख पार्वती पौडेलले बताइन् । कार्यक्रममा कार्यपालिका सदस्य ईश्वरी रसाइली, वडा सदस्य मनु दाहाललगायतको सहभागिता थियो ।

# काठमाडौं महानगरले अनुमति नलिई सडक खन्न नदिने

काठमाडौं, ६ भदौ/ एकीकृत पूर्वाधार विकास र विकास साझेदार बीचको समन्वयका लागि काठमाडौं महानगरपालिकामा सम्पर्क कार्यालय स्थापना हुने भएको छ ।



महानगरले बुधबार पूर्वाधार विकास साझेदार कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुसँग छलफल गरेपछि यस्तो निर्णय भएको हो ।

बैठकमा काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले विकास निर्माणका काम गर्ने कार्यालयहरु फरक ठाउँमा हुँदा कुनै काम अर्काको जिम्मेवारीमा भएको देखाएर तर्किँदै आएको बताएका थिए । विकासको काम अन्तरसम्बन्धित बनाउन साझेदार कार्यालयलाई बारम्बार भनेपनि सुनुवाइ नभएको भन्दै महानगरपालिकामै समन्वय कार्यालय स्थापना गर्नुपर्ने प्रस्ताव बालेनले गरेका थिए ।

‘सबै कार्यालयका प्रतिनिधि एकै ठाउँमा भेटेपछि सेवाग्राहीले समस्या लिएर ठाउँठाउँमा धाउनुपर्दैन । पूर्वाधार निर्माण गर्नु पर्ने, मर्मत गर्नुपर्ने, खाल्टाखुल्टी टाल्नुपर्ने कामका लागि यही सम्पर्क कार्यालयका अधिकारीले काम गर्नेछन्’, बालेनले भने ।

**अनुमतिबिना काठमाडौंको सडक खन्न नपाइने**

बुधबार बसेको बैठकले सम्पर्क कार्यालय स्थापना गर्ने, पानी तथा ढल चुहावट भएको ठाउँमा तत्काल महानगरपालिकाले मर्मत सम्भार गर्ने त्यसको खर्च सम्बन्धित कार्यालयले व्यहोर्नुपर्ने निर्णय गरेको छ ।

यस्तै अनुमति नलिई कसैले पनि महानगरभित्रको सडक खन्न नपाउने निर्णय भएको छ । ढल निकास, टेलिफोन तथा विद्युत सेवा, खानेपानी वितरण प्रणाली जुनसुकै क्षेत्रको काम गर्नु परे पनि अब महानगरपालिकाको स्वामित्वमा भएका सडक खण्डमा काम गर्न महानगरपालिकासँग र सडक विभागको स्वामित्वमा भएका सडक खन्न विभागसँग स्वीकृति लिनुपर्ने भएको छ ।

सडकमा भएका खाल्टा खुल्टी लामो समयसम्म नटालिने गरेको, त्यसको जिम्मेवारी कसैले नलिने यसका कारण नागरिकलाई सास्ती भइरहने, पूर्वाधार भत्किने क्रम नरोकिने भएकोले यस्तो निर्णय गरेको महानगरपालिकाले जनाएको छ ।

सडकमा खाल्डो पारिरहने कार्यालयहरुमा उपत्यका खानेपानी लिमिटेड, विद्युत प्राधिकरणको भूमिगत तार सञ्जाल निर्माण, नदी किनाराको करिडोर निर्माण, अण्डर पास सञ्चालन, चक्रपथ सुधार, टेलिफोन तथा इन्टरनेट सेवा प्रदायक रहेको बैठकमा बालेनले बताएका थिए ।

बैठकमा सडक विभाग, उपत्यका ट्राफिक प्रहरी कार्यालय, यातायात व्यवस्था विभाग, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, लिमिटेड अन्तर्गतको आयोजना कार्यान्वयन निर्देशनालय, काठमाडौं उपत्यका विकास प्राधिकरण, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति, नेपाल विद्युत प्राधिकरण, दूरसञ्चार प्राधिकरण र खानेपानी तथा ढल व्यवस्थापन विभागका प्रमुखहरु सहभागी थियो ।

*(स्रोत: अनलाइनखबर)*

# चित्रकलाको तीनवटै पुरस्कारमा बालजागृतिको कब्जा

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/हेटौंडा उपमहानगरपालिका वडा नं २ द्वारा आयोजित चित्रकला प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय तथा चौथो स्थान हेटौंडा-२ मा अबस्थित रहेको बालजागृति इङ्लिस सेकेण्डरी बोडिङ स्कुलले हात परेको छ ।



हेटौंडा उपमहानगर पालिका वडा नम्बर २ मा अबस्थित रहेको जम्मा १६ वटा बालसमूहका २८ जना सहभागीबीच भएको बालअधिकारसम्बन्धी चित्रकला प्रतियोगितामा बालजागृति बोडिङ स्कुलले चारवटा नै पुरस्कार हात पारेको वडा नम्बर २ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जनले बताए ।

चित्रकलामा बालजागृति इंगलिस सेकेण्डरी बोडिङ स्कुलका विद्यार्थी प्रथम स्वस्ति शाक्य, द्वितीय आयाम पाठक , तृतीय सुयोग हमाल र चौथो स्थान श्रेया ढकालले हात पारेका चित्रकलाका प्रशिक्षक सञ्जीव थिङले जानकारी दिए ।

हेटौंडा उपमहानगर पालिकाभित्र भदौ ९ गते हुन लागेको दोश्रो नगरस्तरीय प्रतियोगिताको निम्ति वडा नम्बर २ बाट आफ्नो विद्यालयकी प्रथम छात्रा स्वस्ति शाक्यलाई छनोट गरिएको विद्यालयका प्रिन्सिपल बिनोद सुबेदीले बताए ।

# थाहामा नेपाल सितोरियो करातेको समिति



साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/नेपाल सितोरियो करातेको थाहानगर समिति गठन भएको छ । बुधवार थाहाको चित्लाङमा बसेको भेलाले रोशन बलामीको अध्यक्षतामा १५ सदस्यीय नगर कमिटी गठन गरेको हो ।

समितिको उपाध्यक्षमा किरणकुमार बलामी, सचिवमा सुरेन्द्र थापामगर, कोषाध्यक्षमा सम्राट बलामी र सहसचिव बबिता बलामी चयन भएका हुन् ।

सदस्यहरुमा राजन बलामी, नीरन्जन घोले, कविन्द्र बलामी, सबिता बलामी, सुमित स्याङ्तान, गौरव थापामगर, ईश्वर बलामी, राजमान घलान, प्रतिमा बलामी र राजकुमार हम्वा चयन भएका छन् ।

भेलाले पाँच जनालाई जिल्ला प्रतिनिधि समेत चयन गरेको छ । रोशन बलामी, सुरेन्द्र थापामगर, बबिता बलामी, नीरन्जन घोले र किरणकुमार बलामीलाई जिल्ला प्रतिनिधि चुनिएको नवगठित समितिका सचिव सुरेन्द्र थापा मगरले जानकारी दिए । समितिले संरक्षकमा महेन्द्र बलामी र सल्लाहकारमा वडा न ९ का अध्यक्ष राजकुमार बलामी र वडा न ६ का अध्यक्ष राजेन्द्रभक्त श्रेष्ठलाई चयन गरेको छ ।

# साउनमै घट्यो वैदेशिक व्यापार, आयात-निर्यात दुवै गिरावट

काठमाडौं, ६ भदौ/चालु आर्थिक वर्ष (आव) २०८०/८१ को पहिलो महिनामै वैदेशिक व्यापारमा गिरावट आएको छ । भन्सार विभागका अनुसार साउनमा १ खर्ब २९ अर्ब २३ करोडको वस्तु आयात भएको छ । यो गत आवको यसै महिनाको तुलनामा १.५६ प्रतिशत कम हो । गत वर्ष साउनमा १ खर्ब ३१ अर्ब रुपैयाँको वस्तु आयात भएको थियो । यस महिनामा निर्यातमा ८.६५ प्रतिशतको गिरावट आएर १३ अर्ब ५२ करोड रुपैयाँमा सीमित भएको छ । अघिल्लो आवको पहिलो महिनामा १४ अर्ब ८० करोड रुपैयाँको निर्यात भएको थियो ।

आयात र निर्यात दुवैमा आएको गिरावटले समग्र वैदेशिक व्यापार तथा व्यापार घाटा समेत घटेको छ । साउनमा कुल वैदेशिक व्यापारको आकार १ खर्ब ४२ अर्ब ७६ करोड रुपैयाँ कायम भएको छ । यो गत आवको यसै महिनाको तुलनामा २.२८ प्रतिशत कम हो । सो आवको साउनमा १ खर्ब ४६ अर्ब रुपैयाँको वैदेशिक व्यापार भएको थियो । साउनमा व्यापार घाटा १ खर्ब १५ अर्ब ७१ करोड रुपैयाँको भएको छ ।

नेपालको वैदेशिक व्यापारमा निर्यातको हिस्सा ९.४८ प्रतिशत र आयातको हिस्सा ९०.५२ प्रतिशत रहेको छ । साउनमा गत आवको तुलनामा निर्यातको हिस्सा खस्किएको छ ।

**पेट्रोलियम पदार्थको आयात खस्कियो**

भन्सार विभागका अनुसार साउनमा पेट्रोलियम पदार्थको आयातमै ठूलो गिरावट देखिएको छ । यस आवमा २१ अर्ब ९८ करोड रुपैयाँको पेट्रोलियम पदार्थको आयात भएको छ । गत आवको साउनमा पेट्रोलियम पदार्थको आयात २५ अर्ब रुपैयाँको भएको थियो ।

आइरन र स्टीलको आयात १२ अर्ब ९५ करोड रुपैयाँको भएको छ । यस आवमा आइरन र स्टीलको आयात सुधार भएको छ । साउन २०७९ मा ११ अर्ब २३ करोड रुपैयाँको आयात भएको थियो ।

एक महिनामा साढे २ अर्ब रुपैयाँको तरकारीजन्य वस्तुको आयात भएको छ । यस महिनामा २ अर्ब ८१ करोडको औषधि आयात भएको छ । सवारी साधन र यसको पार्टपूर्जा आयातमा ४ अर्ब २९ करोडको आयात भएको भन्सार विभागले जनाएको छ । गत वर्ष यस्तो वस्तुको आयात ४ अर्ब ६४ करोड रुपैयाँ बराबरको भएको थियो ।

नेपालको सबैभन्दा ठूलो व्यापार भारतसँग रहेको छ । भारतबाट १ अर्ब २४ करोडको आयात भएको छ । ८ अर्ब ४ करोड रुपैयाँको निर्यात भएको छ । भारतसँग साउनमा मात्र ७२ अर्ब ७६ करोड रुपैयाँको व्यापार घाटा रहेको छ ।

चीनबाट २१ अर्ब ९४ करोडको वस्तु आयात हुँदा ३९ करोड रुपैयाँको मात्र निर्यात भएको छ । साउनमा १०९ मुलुक भन्दा बढीसँग वैदेशिक व्यापार भएको भन्सार विभागको तथ्यांक छ ।

# बागमती प्रदेशका पूर्वसांसद डा. कार्कीको निधन

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ बागमती प्रदेशका पूर्वप्रदेशसभा सदस्य डा. राजाराम कार्कीको निधन भएको छ । उनको बीर अस्पतालमा उपचारका क्रममा बुधवार निधन भएको हो ।



धादिङका कार्की कांग्रेस धादिङका महासमिति सदस्य एवं नेपाल तरुण दलका पूर्वमहासचिव हुन् । पहिलो बागमती प्रदेशसभामा उनी प्रदेशसभा सदस्य रहेका थिए । लामो समयदेखि विरामी उनी उपचारका लागि दिल्ली र अमेरिकासम्म पुगेका थिए ।



## शिक्षक आवश्यकता

(दोस्रो पटक प्रकाशित)

यस विद्यालयका लागि प्राथमिक तहमा निम्न विषयका शिक्षकहरु करारमा नियुक्ति गर्नुपर्ने भएकोले तपशिल अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपशिल:**

| क्र.सं. | तह/विषय | आवश्यक संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | प्रा.शि. अंग्रेजी | १ जना | मुख्य विषय अंग्रेजी लिई +२ तह उत्तीर्ण |
| २. | प्रा.शि. गणित | १ जना | मुख्य विषय गणित लिई +२ तह उत्तीर्ण |

१. परीक्षाको किसिम: लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
२. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
३. दरखास्त दिने अन्तिम मिति : २०८० भाद्र ८ गते विद्यालय समयभित्र
४. लिखित परीक्षा : २०८० भाद्र ९ गते शनिबार विहान ११ बजे, विद्यालयमा
५. परीक्षा दस्तुर : १०००।- (रुपैयाँ एक हजार मात्र)
६. आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित आवेदन र फोटो
७. पाठ्यक्रम : शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार नि.मा.वि. तहको विषयगत तर्फबाट मात्र १०० अङ्कको लिखित परीक्षा हुनेछ ।

**अध्यापन अनुमति पत्र अनिवार्य छैन ।**

**जी.ऐस. निकेतन मा.वि.**

हे.उ.म.न.पा.-५, मकवानपुर
सम्पर्क नं.. ०५७-५२३४१५, ९८५५०६९१८४


# नेपाली टिमलाई पाकिस्तानमा भिभिआईपी सुरक्षा

काठमाडौं, ६ भदौ/ एसिया कप खेल्न पाकिस्तान पुगेको नेपाली राष्ट्रिय क्रिकेट टिमलाई भिभिआईपी सुरक्षा प्रदान गरिएको छ । नेपाली क्रिकेट टिमलाई भिभिआईपी सुरक्षा प्रोटोकल प्रदान गरिएको पाकिस्तानी सञ्चार माध्यमले जनाएका छन् ।



नेपाली टिम फ्लाई दुबईको विमानमा आज कराँची पुगेको थियो । जहाँ कडा सुरक्षा घेरामा पाकिस्तान क्रिकेट बोर्डका पदाधिकारीले नेपाली खेलाडीलाई स्वागत गरेका थिए । त्यसपछि अघिपछि सुरक्षाकर्मीको स्कर्टिङमा नेपाली टिमलाई होटलमा लगिएको छ ।

सुरक्षाको कारण देखाउँदै १० वर्षसम्म अन्तर्राष्ट्रिय क्रिकेट टोली पाकिस्तान गएका थिएनन् । सन् २००९ मा श्रीलंकाली क्रिकेट टिममाथि पाकिस्तानमा आतंककारी आक्रमण भएको थियो । त्यसको झण्डै १० वर्षसम्म प्रतिस्पर्धी टिमले भ्रमण गर्न नमानेपछि पाकिस्तानले घरेलु मैदानमा खेल्न पाएको थिएन ।

सन् २००९ पछि एकै पटक सन् २०१९ मा मात्रै श्रीलंकाले पाकिस्तान भ्रमण गरेको थियो । त्यसपछि मात्रै अरु देशले पाकिस्तान गएर खेल्न थालेका छन् । यो वर्षको सुरुमा न्युजिल्याण्डको आतिथ्यता गरेको पाकिस्तानले अहिले घरेलु मैदानमा अफगानिस्तानसँग शृंखला खेलिरहेको छ ।

कराँचीमा पुगेको नेपालले कडा सुरक्षा घेरामा रहेर एक साता अभ्यास गर्नेछ, त्यस क्रममा नेपालले स्थानीय टिमसँग अभ्यास खेल खेल्ने तालिका छ । कराँचीमा अभ्यास सकेर नेपाल घरेलु टिम पाकिस्तानसँग एसिया कप क्रिकेटको पहिलो खेल खेल्न मुल्तान पुग्नेछ । नेपालले एसिया कपको पहिलो खेल पकिस्तानसँग अगष्ट ३०(भदौ १३) मा खेल्नेछ । नेपालले समूह चरण अन्तर्गत पाकिस्तान र भारतसँग खेल्नेछ । नेपालले भारतसँगको खेल भने सेप्टेम्बर ४ (भदौ १८) मा श्रीलंकामा खेल्नेछ ।

एसिया कपको आयोजक पाकिस्तान भए पनि अधिकांश खेलहरू श्रीलंकामा हुँदैछन । भारतले पाकिस्तानमा गएर खेल्न अस्वीकार गरेपछि खेल पाकिस्तान र श्रीलंकामा हुन लागेको हो ।

# भारतले कर लगाएपछि प्याजको आयात रोकियो

काठमाडौं, ६ भदौ/भारतले प्याज निर्यातमा ४० प्रतिशत महसुल लगाएपछि व्यापारीले प्याज आयात रोकेका छन् ।

आयात रोकिएपछि कालिमाटीलगायतका मुख्य बजारमा प्याज अभाव भएको छ । भदौ ११ गते भारतले आफ्नो मुलुकबाट निर्यात हुने प्याजमा ४० प्रतिशत भन्सार महशुल लगाउने निर्णय गरेको थियो ।

त्यसयता शनिबार र आइतबार प्याजको छिटफुट मात्रै कारोबार भए पनि सोमबारदेखि भने आयात र बिक्री नै ठप्प भएको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले जनाएको छ । बजारमा भएका सबै पसलमा प्याज सकिएको बजार विकास समितिका सूचना अधिकारी बिनय श्रेष्ठले बताए । ‘बजारमा ८० वटा आलु प्याजका पसल छन्’, श्रेष्ठले भने ‘सबै पसलमा प्याज सकिएको छ । प्याज नभएपछि मूल्य तोक्ने कुरै भएन ।’

कालिमाटी र काठमाडौंलाई आधार बनाएर आलु प्याजको कारोबार गर्ने व्यापारीहरुले भने भारतले निर्यात कर लगाएपछि उतैका व्यापारीहरुले प्याजको बिक्री नगरेको दाबी गरेका छन् ।

एक्कासी आएको नीतिका कारण उनीहरु अन्यौलमा हुँदा निर्यातकहरुले प्याज नै नपठाएको आलु प्याज व्यवसायी संघका महासचिव प्रकाश गजुरेलले बताए ।

‘व्यवसायीले प्याज ल्याउन सकेको छैनन् । भएको प्याज सकियो’, महासचिव गजुरेलले भने, ‘अब आयात सहज नभई बजारमा प्याज उपलब्ध हुने अवस्था छैन ।’

*(स्रोत: अनलाइनखबर)*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना